| | | |
|---|---|---|
| 14122 | व्यापारिक निकायबाट प्राप्त लाभांश | व्यापारिक प्रतिष्ठानबाट प्राप्त लाभांश यसमा पर्दछ। |
| 14123 | औद्योगिक निकायबाट प्राप्त लाभांश | औद्योगिक प्रतिष्ठानबाट प्राप्त लाभांश यसमा पर्दछ। |
| 14124 | सेवामुलक निकायबाट प्राप्त लाभांश | सेवामुलक प्रतिष्ठानबाट प्राप्त लाभांश यसमा पर्दछ। |
| 14129 | अन्य निकायबाट प्राप्त लाभांश | माथि नपरेका अन्य प्रतिष्ठानबाट प्राप्त लाभांश यसमा पर्दछ। |
| 14150 | भाडा र रोयल्टी | सरकारी कार्यालयले संकलन गरेको भाडा र रोयल्टी वापत्को रकम यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन। |
| 14151 | सरकारी सम्पतिको वहालबाट प्राप्त आय | सरकारी सम्पत्ति बहालमा दिएवापत प्राप्त हुने आय यसमा पर्दछ। जस्तैः सरकारी जग्गा, भवन तथा अन्य सम्पति वहाल, कोठा तथा भोजनालय (रेष्टुँरा) वहाल, मेच, पाल, त्रिपाल, हवाईजहाज, वग्गी, वैण्डबाजा, इन्जिन, रोलर, वुलडोजर, ट्रयाक्टर समेतका सरकारी सम्पति प्रयोग गरेवापत् प्राप्त हुने भाडा तथा सेवा शुल्क |
| 14152 | क्यासिनोबाट प्राप्त रोयल्टी | क्यासिनोबाट प्राप्त रोयल्टी रकम यसमा पर्दछ। |
| 14159 | अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी | माथि उल्लेखित बाहेकका अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने आय यसमा पर्दछ। |
| 14170 | राजस्व बाँडफाँडबाट प्राप्त आय | बाँडफाँड भई प्राप्त हुने विभिन्न प्रकारका राजश्व यसमा पर्दछन्। यसमा रकम जम्मा गर्द मिल्दैन। |
| 14171 | वन रोयल्टी | वन तथा वन पैदावार बिक्रि वापत् प्राप्त आय, लकडी लिलाम बिक्रि, वन्यजन्तुसम्बन्धी आम्दानी, चरी चराई दस्तुर, वन्यजन्तु आरक्ष, निकुन्ज संरक्षण क्षेत्रको प्रवेश शुल्क, चिडियाखाना प्रवेश शुल्क, वनस्पतिसम्बन्धी अन्य आम्दानी, नहर वरिपरिको घाँस बिक्री र सो सम्बन्धी दण्ड, जरिवाना वाप्त राजश्व बाँडफाँड मार्फत प्राप्त रकम र वन क्षेत्रको रोयल्टी यसमा पर्दछ। |
| 14172 | खानी रोयल्टी | खानी खोद्रे अनुमतिपत्र दस्तुर, सर्वेक्षण दस्तुर, आयोजना (प्रोजेक्ट) लाई ढुंगा बिक्रि गर्दा आएको रकम, खानीको रोयल्टी, खानीमा जाने गाडी तथा गाडी आवत जावतको |

| | | |
|---|---|---|
| | | इजाजतपत्र वापत राजश्व बाँडफाँड मार्फत प्राप्त रकम यसमा पर्दछ । |
| 14173 | जलस्रोत रोयल्टी | जलस्रोत क्षेत्रबाट प्राप्त रोयल्टी, विद्युत् उत्पादन शुल्क, विद्युत उत्पादन इजाजत-पत्र दस्तुर र नवीकरण दस्तुर, विद्युत उत्पादन, प्रसारण र वितरणको सर्वेक्षण अनुमति पत्र दस्तुर तथा सोको नवीकरण दस्तुर, विद्युत बिक्रि, आयोजना बिक्रि, जलश्रोतसम्बन्धी सम्पुर्ण आय र सो सम्बन्धी दण्ड जरिवाना वापत राजश्व बाँडफाँड मार्फत प्राप्त रकम यसमा पर्दछ । |
| 14174 | पर्वतारोहण रोयल्टी | पर्वतारोहण वापत संकलन गरिने रोयल्टी दस्तुर यसमा पर्दछ । |
| 14175 | पदयात्रा रोयल्टी | पदयात्रा वापत संकलन गरिने रोयल्टी दस्तुर यसमा पर्दछ । |
| 14176 | पर्यटन सेवा शुल्क रोयल्टी | पर्यटन सेवा शुल्क रोयल्टी वापत संकलन गरिने रोयल्टी दस्तुर यसमा पर्दछ । |
| 14177 | घरजग्गा रजिष्ट्रेशन | घरजग्गा रजिष्ट्रेशन वापत संकलन गरिने रोयल्टी दस्तुर यसमा पर्दछ । |
| 14178 | सवारी साधन कर | सवारी साधन कर संकलन गरि बाँडफाँड भएर प्राप्त हुने कर यसमा पर्दछ । |
| 14179 | अन्य बाँडफाँड हुने राजस्व | अन्य बाँडफाँड हुने राजस्व वापत संकलन गरिने रोयल्टी दस्तुर यसमा पर्दछ । |
| 14200 | वस्तु तथा सेवाको बिक्रिबाट प्राप्त रकम | वस्तु तथा सेवाको बिक्रिबाट प्राप्त रकम यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन । |
| 14210 | वस्तु तथा सेवाको बिक्रिबाट प्राप्त रकम | वस्तु तथा सेवाको बिक्रिबाट प्राप्त रकम यसमा पर्दछ । यसमा रकम जम्मा गर्न मिल्दैन । |
| 14211 | कृषि उत्पादनको बिक्रिबाट प्राप्त रकम | ११६३१ र ११६३३ मा समावेश हुने बाहेक अन्य -आँफैले उत्पादन गरेका भुरा माछा तथा खाने माछा बिक्रि तथा लिलाम, पोखरी र खोलामा माछा मार्ने जाल हान्ने दस्तुर, खोला पोखरीमा माछा मार्ने ठेक्का, घाँस बिक्रि, कुखुराको फुल तथा चल्ला बिक्रि, सुँगुर तथा सुँगुरको बच्चाको बिक्रि, दुध, घ्यु, तथा अन्य दुग्धजन्य पदार्थको बिक्रि, ऐन्टिरेविजको भ्याक्सिन बिक्रि, टोकरी प्याकिङ्ग दस्तुर, उन तथा हाडखोर बिक्रि, फलफूल तथा फलफूलको बोटविरुवा बिक्रि, विउविजन तथा बेर्ना बिक्रि, तरकारी तथा सागपात बिक्रि, धान, मकै, गहुँ, तथा खाद्यान्न जस्ता आफैले उत्पादन गरेका सामान विक्री गरी प्राप्त हुने रकम यसमा पर्दछ । |
| 14212 | सरकारी | टुटेफुटेका मेशिनरी सामानको बिक्रि, सवारी साधन लिलाम |

| | | |
|---|---|---|
| | सम्पतिको बिक्रिबाट प्राप्त रकम | बिक्रि, पुराना मालसामान बिक्रि तथा अन्य सरकारी सम्पतिको बिक्रिबाट प्राप्त रकम यसमा पर्दछ। |
| 14213 | अन्य बिक्रिबाट प्राप्त रकम | सरकारको छापाखानाको छपाई दस्तुर, नेपाल राजपत्र एवं सरकारद्वारा प्रकाशित पुस्तक पुस्तिकाको बिक्री तथा लिलामबाट प्राप्त रकम, अभिलेख (रेकर्ड) बिक्रीका साथै मुद्रा तथा नापतौलको सामानः ढक, तराजु समेतको प्रमाणित दस्तुर, नवीकरण दस्तुर र टक्सारको अन्य आय, नक्सा प्रिन्ट बिक्रि, दरखास्त फाराम तथा पाठ्यक्रम विक्री, औषधी बिक्री तथा अन्य मालसामान बिक्रीबाट प्राप्त रकम समेत यसैमा पर्दछ। |
| 14216 | नीजि धारा वापत्को शुल्क | निजी धारा राखे वापत् लाग्ने शुल्क तथा महसुल, कालीगढ दस्तुर र सो सम्बन्धी दण्ड, जरिवाना समेतको रकम यसमा पर्दछ। |
| 14217 | खानेपानी नहर तथा कुलो उपयोग वापत्को शुल्क | जग्गा जमिनको सिँचाईको लागि नहर तथा कुलोको उपयोग गरे वापत् तोकिएबमोजिम प्राप्त शुल्क यसमा पर्दछ। |
| 14218 | विद्युत् सेवा शुल्क | विद्युत सेवा उपयोग वापत् लाग्ने शुल्क तथा महसुल, थप दस्तुर, मिटर जाँच समेत सेवाको दस्तुर, कलेक्शन चार्ज, नामसारी एवं ठाउँसारी दस्तुर यसमा पर्दछ। |
| 14219 | अन्य सेवा शुल्क | १४२११ देखि १४२१८ सम्मका शीर्षकमा नपरेका सम्बन्धित सरकारले आफ्नो क्षेत्रभित्र उपलब्ध गराएको सरसफाई तथा ढल निकासको सुविधा, पर्यटकीय क्षेत्र र बनभोज स्थल, पार्क, भ्यूटावर जस्ता क्षेत्रको उपयोग तथा सो मा लाग्ने प्रवेशशुल्क जस्ता क्षेत्रमा लगाइने शुल्क तथा दस्तुरको रकम यसमा पर्दछ। |
| 14220 | प्रशासनिक सेवा शुल्क | प्रशासनिक सेवा वापत्को शुल्क यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन। |
| 14221 | न्यायिक दस्तुर | कोर्ट फी, बक्सौनी, बर्शौद, बिर्शौद, समाव्हान, इतलायतामा सूद, लिफा दस्तुर, टिकट दस्तुर, पुनरावेदन एवं नक्कल दस्तुर , पुनरावेदन एवं प्रतिउत्तर पत्र दस्तुर, वकालत सम्बन्धी इजाजतपत्र दस्तुर र न्यायसम्बन्धी अन्य राजस्व आम्दानी यसमा पर्दछ। |
| 14223 | शिक्षा क्षेत्रको आम्दानी | ११४४३ र ११४४४ ले समेटेका विषयहरु बाहेक शिक्षण शुल्क(ट्युशन फी), प्रवेश शुल्क, प्रवेशिका परीक्षा दस्तुर, लब्धाङ्क पत्र(मार्कसिट) तथा प्रमाणपत्र दस्तुर, संग्रहालय( म्युजियम) प्रवेश दस्तुर, पाठ्यक्रम, पुस्तक, पत्रिका समेतको |

| | | |
|---|---|---|
| | | बिक्रिबाट प्राप्त रकम र शिक्षा क्षेत्रको आम्दानी यसमा पर्दछ। |
| 14224 | परीक्षा शुल्क | लोक सेवा आयोग लगायत विभिन्न निकायले लिने परीक्षा दस्तुर, अन्तर्वार्ता दस्तुर, निवेदन तथा दरखास्त दस्तुर र पाठ्यक्रम बिक्रिबाट प्राप्त रकम यसमा पर्दछ। |
| 14225 | यातायात क्षेत्रको आम्दानी | ११६२१, ११४५१ देखि ११४५४ सम्म परेका विषयहरु बाहेक हवाइजहाज अवतरण दस्तुर, आश्रय दस्तुर, कुनै सडक राजमार्गमा आवत जावतको लागि इजाजत दिए वापत् प्राप्त (रोड परमिट) रकम, जल तथा अन्य यातायातसँग सम्बन्धित आय र शूल्क यसमा पर्दछ। |
| 14229 | अन्य प्रशासनिक सेवा शुल्क | विभिन्न मन्त्रालय, विभाग तथा कार्यालयले लिने टिकट वापत्को रकम, बोलपत्र फाराम बिक्रिको रकम, निवेदन दस्तुर, नो अवजेक्शन सर्टिफिकेट दस्तुर, व्यवसायिक प्रमाण पत्र जारी तथा नवीकरण दस्तुर वापत् प्राप्त रकम यसमा पर्दछ। |
| 14240 | दस्तुर | यसमा विभिन्न सेवा प्रदान गरे वापत लिइने दस्तुर पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन। |
| 14241 | पार्किङ्ग शुल्क | स्थानीय तहद्वारा स्थानीय रूपमा उठाइ पार्किङ्ग शुल्क यसमा पर्दछ। |
| 14242 | नक्सापास दस्तुर | स्थानीय तहद्वारा नक्सापास वापत् उठाएको दस्तुर यसमा पर्दछ। |
| 14243 | सिफारिश दस्तुर | स्थानीय तहद्वारा सिफारिश गरे वापत् उठाएको दस्तुर यसमा पर्दछ। |
| 14244 | व्यक्तिगत घटनादर्ता दस्तुर | स्थानीय तहद्वारा व्यक्तिगत घटनादर्ता वापत् उठाएको दस्तुर यसमा पर्दछ। |
| 14245 | नाता प्रमाणित दस्तुर | स्थानीय तहद्वारा नाता प्रमाणित गरे वापत् उठाएको दस्तुर यसमा पर्दछ। |
| 14249 | अन्य दस्तुर | स्थानीय तहले लिने माथि उल्लेखित बाहेकका अन्य दस्तुर यसमा पर्दछ। |
| 14300 | दण्ड जरिवाना र जफत | विलम्ब दस्तुर र जरिवाना र जफत यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन। |
| 14310 | दण्ड जरिवाना र जफत | विलम्ब दस्तुर र जरिवाना र जफत यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन। |
| 14311 | न्यायिक दण्ड, जरिवाना र जफत | अदालतको निर्णयबाट लिइएका दण्ड जरिवाना, जफत वापत्को रकम यसमा जम्मा गर्नु पर्दछ। |
| 14312 | प्रशासनिक दण्ड, जरिवाना र जफत | सबै प्रकारको ठेक्काको धरौटी (अर्नेष्ट मनी) जफत, निर्माण र अन्य कामको ठेक्कापट्टामा ठेकेदारहरुलाई गरिएको दण्ड जरिवाना, ठेकेदारहरुसँग बाँकी रहेको रकमको ब्याज र |

| | | |
|---|---|---|
| | | सम्बन्धित शीर्षकमा लेखिए बाहेक अन्य प्रशासनिक दण्ड जरिवाना र जफतबाट प्राप्त रकम यसमा पर्दछ। |
| 14400 | अनुदान बाहेकको हस्तान्तरण | सरकार तथा अन्तर्राष्ट्रिय संगठनहरु बाहेक अन्य श्रोतहरुबाट प्राप्त उपहार तथा स्वैच्छिक अनुदान (Donation) को रकम यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन। |
| 14410 | चालु हस्तान्तरण | अनुदान बाहेक अन्य चालु हस्तान्तरण रकम यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन। |
| 14411 | चालु हस्तान्तरण | यसमा सरकारलाई राहत प्रयोजनका लागि प्राप्त हुने खाद्यान, लत्ता कपडा, औषधि जस्ता चालु प्रकृतिका सहयोग समावेश हुन्छन्। |
| 14420 | पूँजीगत हस्तान्तरण | अनुदान बाहेक अन्य पूँजीगत हस्तान्तरण रकम यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन। |
| 14421 | पूँजीगत हस्तान्तरण | अस्पताल, विद्यालय, संग्रहालय, नाचघर तथा साँस्कृतिक केन्द्रहरु निर्माण वा खरीदको लागि प्राप्त भएको हस्तान्तरणका साथै उपहार स्वरूप प्राप्त घर वा जग्गा तथा अदृश्य सम्पत्तिहरु, जस्तैः एकाधिकार पत्र वा प्रतिलिपी अधिकारको रकम यसमा पर्दछ। यदि कुनै हस्तान्तरण चालु वा पुँजीगत के हो भन्ने कुरा स्पष्ट नभएमा त्यस्तो हस्तान्तरणलाई चालु प्रकृतिमा वर्गीकरण गर्नु पर्दछ। |
| 14500 | विविध राजस्व | विविध राजस्व यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन। |
| 14510 | चालु दावी तथा अन्य शुल्कहरु | यसमा आकस्मिक रुपमा सरकारलाई प्राप्त हुने दाबीहरु तथा बीमाको प्रिमियम वापत प्राप्त हुने रकम तथा अन्य चालु दावीहरु समावेश हुन्छ। |
| 14511 | बीमा दावी प्राप्ति | यसमा सरकारी कोषमा जम्मा हुने गरी सरकारले गरेका विभिन्न प्रकारका बीमा लेख को फिर्ता भुक्तानी तथा बीमा दावीबाट प्राप्त हुने रकम समावेश गर्नुपर्दछ। |
| 14520 | अन्य राजस्व | यसमा अन्य पूँजीगत प्रकृतिका राजश्वहरु पर्दछन्। यसमा रकम जम्मा गर्न मिल्दैन। |
| 14521 | प्रदुषण नियन्त्रण शुल्क | प्रदुषण नियन्त्रण प्रयोजनका लागि संकलन गरिने शुल्क यसमा समावेश गरिन्छ। |
| 14522 | साना सवारी कर | १४१६८ मा परेको बाहेक इन्जिन जडान नभएका टाँगा, रिक्सा, अटोरिक्सा लगायतका सवारी साधन, केबलकार तथा डुंगा सञ्चालनमा लाग्ने शुल्क यसमा समावेश गरिन्छ। |
| 14529 | अन्य राजस्व | माथिका सम्पूर्ण शीर्षक तथा उपशीर्षकहरुमा नपरेका अन्य रकमहरु यसमा समावेश गरिन्छ। |
| 14530 | पुँजीगत राजस्व | विभिन्न प्रयोजनमा गरिने राजस्व फिर्ता यसमा पर्दछ। यसमा रकम जम्मा गर्न मिल्दैन। |

| | | |
|---|---|---|
| 14531 | सरकारी घर, जग्गा, गुडवील बिक्रिबाट प्राप्त रकम | सरकारी घर, जग्गा, गुडवील र सरकारी प्रतिष्ठान बिक्रिबाट प्राप्त रकम यसमा पर्दछ। |
| 15000 | बेरुजु | बेरुजु कायम भएको राजश्व बाहेकको रकम असूल उपर भई प्राप्त हुँदा यसमा समावेश गरिन्छ। |
| 15100 | बेरुजु | बेरुजु कायम भएको राजश्व बाहेकको रकम असूल उपर भई प्राप्त हुँदा यसमा समावेश गरिन्छ। |
| 15110 | बेरुजु | बेरुजु कायम भएको राजश्व बाहेकको रकम असूल उपर भई प्राप्त हुँदा यसमा समावेश गरिन्छ। |
| 15111 | बेरुजु | राजस्व बाहेकको बेरुजु रकम यसमा दाखिला गर्नुपर्दछ। राजस्वसम्बन्धी बेरुजु सम्बन्धित राजस्व उपशीर्षकमा नै दाखिला गर्नु पर्दछ। |

***नोटः***

*१. दण्ड, जरिवाना, शुल्क र ब्याज जुन राजस्व शीर्षक अन्तर्गत लगाईएको हो सोही शीर्षकमा नै आम्दानी जनाउनु पर्दछ।*

*२. संकेत नं. को अन्तमा ३ वटा शुन्य भएका राजस्व शीर्षकलाई आधार शीर्षक, संकेत नं. को अन्तमा २ वटा शुन्य भएका राजस्व शीर्षकलाई मुल शीर्षक, संकेत नं. को अन्तमा १ वटा शुन्य भएका राजस्व शीर्षकलाई शीर्षक र बाँकी अन्य राजस्व शीर्षकलाई उप-शीर्षक भनिएको हो। साथै सामान्यरूपमा शीर्षक भन्नाले आधार शीर्षक, मुल शीर्षक र उप-शीर्षक समेतलाई बुझिन्छ।*

*३. राजस्व उप-शीर्षकमा मात्र रकम जम्मा गर्न सकिन्छ। जस्तै : ११११९, ११४१५ आदि।*

## राजस्व शीर्षक थप गर्ने प्रक्रिया

यस परिच्छेदमा उल्लेख गरिएको सिद्धान्त र व्याख्याको अधीनमा रहेर गरिएको राजस्व उपशीर्षकगत वर्गीकरणमा कुनै अत्यन्तै नवीन प्रकृतिको राजस्व संकलन गर्नुपर्ने अवश्था आएमा नयाँ उपशीर्षक थप गर्न सकिन्छ। सम्बन्धित मन्त्रालय स्वयंमले राजस्व उपशीर्षक थप गर्न मिल्दैन। उपशीर्षक थप गर्नु परेका निम्नानुसार गर्नु पर्दछ :

- सम्बन्धित मन्त्रालय वा निकायले थप गर्नुपर्ने औचित्य सहितको अुरोध अर्थमन्त्रालयको राजस्व व्यवस्थापन महाशाखामा पठाउने ।
- अर्थमन्त्रालयले औचित्य र पुष्ट्याँई सहित महालेखा परीक्षकको कार्यलय र महालेखा नियन्त्रक कार्यालयको राय तथा सहमति प्राप्त गर्ने ।
- सामान्यताया कुल राजस्व आयको १ प्रतिशत भन्दा बढी राजस्व असुली हुने क्षेत्रका लागि नयाँ राजस्व शीर्षक वा उपशीर्षक दिईनेछ ।

नयाँ उपशीर्षक आर्थिक वर्षको बीचमा थप गर्नु हुदैन। नयाँ आर्थिक वर्षको प्रारम्भदेखि लागु हुने गरी मात्र थप गर्नु पर्दछ ।

कुनै राजस्वजव उपशिर्षक आवश्यक हुने अवस्था आएमा त्यसको संकेत संख्या निष्कृय राख्नु पर्दछ । त्यस्तो संकेत संख्यामा नयाँ उपशीर्षक खडा गर्नु हुदैन ।

## खर्च शीर्षकको वर्गीकरण र व्याख्या
## (Line Item Classification and their Explanation)

सरकारी आम्दानी, खर्च र लगानीको संकेत तथा वर्गीकरणलाई अन्तराष्ट्रिय मापदण्डअनुरूप गराउने उद्देश्यले सरकारी वित्तीय तथ्याङ्क (Government Finance Statistics, 2001) सँग मेल खानेगरी अर्थिक वर्ष २०६८/६९ देखि नयाँ आर्थिक संकेत तथा वर्गीकरण लागु गरिएको छ। नयाँ संकेत तथा वर्गीकरणबाट सरकारी तथ्याङ्कलाई सरल, व्यवस्थित, विश्वसनीय, तुलनायोग्य र पारदर्शीी बनाई आर्थिक अनुशासन कायम गर्न सहयोग पुग्नेछ।

साविकमा कुल खर्चलाई चालु, पूँजीगत र सावाँ भुक्तानीमा वर्गीकरण गरिएकोमा अब चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्था अन्तर्गत वर्गीकरण गरिएको छ। साविकमा खर्च शीर्षक शेयर लगानी र ऋण लगानी अन्तगर्तका खर्चलाई पूँजीगत विनियोजनमा देखाइने गरेकोमा नयाँ वर्गीकरणमा यी खर्चहरु वित्तीय व्यवस्था अन्तर्गत वर्गीकरण राखिएको छ।

नयाँ वर्गीकरणअनुसार सबै सहायता र अनुदान (सब्सीडीज र ग्रान्ट्स) चालु खर्च अन्तर्गत पर्दछन्। साविक खर्च शीर्षक सार्वजनिक संस्थानलाई अनुदान, स्थानीय निकाय-निशर्त अनुदान, सामाजिक सेवा-निशर्त अनुदान, सामाजिक सेवा सशर्त अनुदान र स्थानीय निकाय-सशर्त अनुदानका खर्च पूँजीगत खर्च अन्तर्गत देखाइने गरिएकोमा नयाँ वर्गीकरणमा चालुतर्फ वर्गीकरण गरिएको छ। साविकमा खर्च शीर्षक आन्तरिक ऋणको साँवा भूक्तानी र वैदेशिक ऋणको साँवा भुक्तानीलाई साँवा भुक्तानी अन्तर्गतको खर्च शिर्षकमा देखाइने गरेकोमा नयाँ वर्गीकरणअनुसार वित्तीय व्यवस्थामा देखाइएको छ। संकेत नम्बर २0000 देखि संकेत नम्बर २९000 भन्दा तलका खर्च शीर्षकहरु चालु खर्च शीर्षक र त्यसपछिका खर्च शीर्षकहरु पुँजीगत खर्च तथा वित्तीय व्यवस्थापनसम्बन्धी खर्च शीर्षकहरु हुन् भनी बुझ्नु पर्दछ।

नयाँ वर्गीकरणअनुसार खर्चहरुलाई मूल खर्च शीर्षक, आधार खर्च शीर्षक र खर्च लेकाङ्कन गर्ने शीर्षकसहित गरी तीन तहमा विभक्त गरिएको छ। खर्च शीर्षक संकेतको अन्त्यमा शून्य रहेका शीर्षकहरुमा खर्च लेखाङ्कन गर्नु हुँदैन। यी शीर्षकहरु मूल शीर्षक र आधार शर्षिकहरु हुन्।

अतः सरकारी खर्चलाई विनियोजन, लेखाङ्कन र प्रतिवेदन गर्न देहायअनुसार खर्च शीर्षकको वर्गीकरण गरिएको छ ।

| संकेत | खर्च शीर्षक | खर्च शीर्षकको व्याख्या |
|---|---|---|
| **20000** | **खर्च** | **यसमा सबै प्रकारका चालु खर्च र अन्तरसरकारी हस्तान्तरणको रकम समावेश हुन्छ ।** |
| **21000** | **पारिश्रमिक/सुविधा** | **पदाधिकारी तथा कर्मचारीहरुलाई कुनै लेखा अवधिमा कार्य सम्पादन गरे वापत प्रदान गरिने कुल पारिश्रमिकलाई यसमा राखिन्छ तर पूँजी निर्माणको सिलसिलामा गरेको कार्यको पारिश्रमिक भने समावेश नगरी सम्बन्धित खर्च शीर्षककै कार्यक्रममा समावेश गर्नुपर्दछ । यसमा खर्च लेख्न मिल्दैन ।** |
| **21100** | **पारिश्रमिक/सुविधा** | **यसमा पदाधिकारी तथा कर्मचारीहरुलाई प्रदान गरिने सबै किसिमका पारिश्रमिकसम्बन्धी खर्चहरु पर्दछन् । यसमा नगद वा जिन्सी दुवै प्रकारका भुक्तानीहरु समावेश गरिन्छ । यसमा खर्च लेख्न मिल्दैन ।** |
| **21110** | **नगदमा दिइने पारिश्रमिक र सुविधा** | **यसमा पदाधिकारी तथा कर्मचारीहरुले सेवा प्रदान गरे वापत् प्राप्त गर्ने तलव, सञ्चयकोष आदि रकम समावेश गरिन्छ । यसमा खर्च लेख्न मिल्दैन ।** |
| 21111 | पारिश्रमिक कर्मचारी | यसमा (क) कर्मचारीहरुले पाउने तलव, कर्मचारी सञ्चयकोष, वार्षिक ग्रेड वृद्धि (ख) आयोजना अवधिभरको लागि वा स्वीकृत अस्थायी पदमा नियुक्ति भई काम गरे वापत् ज्याला, मेहनताना तथा अन्य पारिश्रमिक खर्च र (ग) बहालवाला कर्मचारीहरुको सञ्चित घर विदा, विरामी विदा, सट्टा विदा र चाडपर्व खर्च वापत्को रकम पर्दछ । |
| 21112 | पारिश्रमिक पदाधिकारी | यसमा संवैधानिक तथा अन्य सार्वजनिक निकायका पदाधिकारीहरुलाई प्रदान गरिने (सार्वजनिक पद धारण गरे वापतकानूनद्वारा निर्धारण  भएबमोजिम) परिश्रमिक वापतको रकम पर्दछ । |
| **21120** | **जिन्सी वा जिन्सी वापत् दिइने पारिश्रमिक र सुविधा** | **यसमा कर्मचारहरुले मालसामान प्राप्त गर्नका लागि प्रयोजन खुलाई दिइने जिन्सीमा प्राप्त गर्ने वा जिन्सी वापत दिइने पारिश्रमिक र सुविधाको रकम समावेश गरिन्छ ।** |
| 21121 | पोशाक | यसमा कर्मचारीहरुलाई प्रदान गरिने सबै किसिमका पोशाक (बुट, जुत्ता, टोपी आदि समेत) र सो को सिलाई खर्च तथा हिमाली क्षेत्रमा रहँदा नियमाअनुसार पाउने लुगा भत्ता आदिको खर्च समावेश गरिन्छ । |
| 21122 | खाद्यान्न | यसमा कर्मचारीहरुलाई नियमानुसार उपलब्ध गराइने खाद्य |

| | | |
|---|---|---|
| | | पदार्थ, रसद वा सो वापत् दिइने रकम समावेश गरिन्छ। |
| 21123 | औषधि उपचार खर्च | यसमा कर्मचारहरुलाई नियमअनुसार उपलब्ध गराइने स्वास्थ्य बीमाको शूल्क, औषधि उपचार वापत् दिइने रकम तथा सोको लागि लाग्ने यातायात खर्च र कुरुवा खर्च लगायतका रकम समेत समावेश गरिन्छ। |
| **21130** | **कर्मचारी भत्ता** | **यसमा कर्मचारीहरुका लागि नियमानुसार प्रदान गरिने पारिश्रमिक बाहेकका अन्य भत्ताहरु समावेश हुन्छन् । यसमा खर्च लेख्न मिल्दैन।** |
| 21131 | स्थानीय भत्ता | यसमा प्रचलित नियमानुसार तोकिएको दुर्गम क्षेत्रमा काम गरे वापत् पाउने स्थानीय भत्ताको रकम समावेश हुन्छ। |
| 21132 | महंगी भत्ता | यसमा प्रचलित नियमानुसार कर्मचारीहरुलाई प्रदान गरिने महंगी भत्ताको खर्च यसमा समावेश हुन्छ। |
| 21133 | फिल्ड भत्ता | यसमा प्रचलित नियमानुसार कर्मचारीहरुलाई प्रदान गरिने फिल्ड भत्ताको खर्च यसमा समावेश हुन्छ। |
| 21134 | बैठक भत्ता | यसमा कर्मचारीले सम्पादन गर्नुपर्ने काम सम्पादन गर्न बैठक बसेकोमा नियमानुसार भत्ता पाउने भएमा त्यस्तो बैठक भत्ता समावेश गरिन्छ। |
| 21135 | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | यसमा प्रचलित ऐन, नियम तथा निर्णय अनुसार कर्मचारीहरुलाई दिइने प्रोत्साहन भत्ता तथा पुरस्कार सम्बन्धी खर्च समावेश गरिन्छ। |
| 21139 | अन्य भत्ता | यसमा माथि उल्लेखित बाहेकका अन्य (शिशु स्याहार भत्ता, अतिरिक्त समय भत्ता, दशै तिहार जस्ता पर्वहरुमा खटाइएका कार्यालय सहयोगीलाई दिइने भत्ता आदि) प्रयोजनमा दिइने भत्ता वापतको रकम समावेश गरिन्छ। |
| **21140** | **पदाधिकारी भत्ता तथा अन्य सुविधा** | **यसमा कर्मचारी बाहेकका पदाधिकारीको लागि भुक्तानी गर्नुपर्ने भत्ता तथा अन्य सुविधाको रकम पर्दछ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 21141 | पदाधिकारी बैठक भत्ता | यसमा पदाधिकारीहरको बैठक भत्ता पर्दछ। |
| 21142 | पदाधिकारी अन्य सुबिधा | यसमा पदाधिकारीहरुलाई प्रचलित नियमको अधिनमा रही प्रदान गरिने अन्य सुविधा (सञ्चार, पोशाक, औषधी उपचार आदि) को रकम समावेश गरिन्छ। |
| 21149 | पदाधिकारी अन्य भत्ता | यसमा पदाधिकारीलाई प्रदान गरिने बैठक भत्ता बाहेकका अन्य भत्ता वापतको रकम समावेश गरिन्छ। |
| **21200** | **कर्मचारी सामाजिक सुरक्षा खर्च** | **यसमा कर्मचारीको सामाजिक सुरक्षाका लागि गरिने खर्च सम्बन्धी रकमहरु समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **21210** | **कर्मचारी** | **यसमा कर्मचारीको सामाजिक सुरक्षाका लागि गरिने खर्च** |

| | | |
|---|---|---|
| | **सामाजिक सुरक्षा खर्च** | **सम्बन्धी रकमहरु समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 21211 | सामाजिक सुरक्षा कोष खर्च | यसमा कर्मचारीको सामाजिक सुरक्षाको लागि प्रचलित नियमानुसार गरिने खर्च तथा सामाजिक सुरक्षा कोषमा सरकारले जम्मा गर्नुपर्ने प्रकारका रकमहरु समावेश गरिन्छ। |
| 21212 | योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | यसमा योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष वापत सरकारले व्यहोर्नु पर्ने खर्च समावेश गरिन्छ। |
| 21213 | योगदानमा आधारित बीमा कोष खर्च | यसमा योगदानमा आधारित बीमा कोष वापत सरकारले व्यहोर्नु पर्ने खर्च समावेश गरिन्छ। |
| 21214 | कर्मचारी कल्याण कोष | यसमा प्रचलित नियमानुसार कर्मचारी कल्याण कोषमा समावेश गर्नुपर्ने खर्च समावेश गरिन्छ। |
| 21219 | अन्य सामाजिक सुरक्षा खर्च | यसमा माथि उल्लेखित बाहेकका कर्मचारीसँग सम्बन्धीत अन्य सामाजिक सुरक्षा सम्बन्धि खर्च समावेश गरिन्छ। |
| **21220** | **पदाधिकारी सामाजिक सुरक्षा खर्च** | **यसमा कर्मचारी बाहेकका पदाधिकारीको लागि प्रचलित कानून अनुसार भुक्तानी गर्नुपर्ने सामाजिक सुरक्षा वापतको रकम समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 21221 | पदाधिकारी सामाजिक सुरक्षा कोष खर्च | यसमा पदाधिकारीको सामाजिक सुरक्षाका लागि प्रचलित कानून अनुसार स्थापित कोषमा सरकारले गर्नुपर्ने कोष खर्च समावेश गरिन्छ। |
| 21222 | पदाधिकारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | यसमा प्रचलित कानून अनुसार पदाधिकारीहरुलाई योगदानमा आधारित निवृत्तभरण तथा उपदान भुक्तानी गर्नुपर्ने भएमा त्यस्तो रकम समावेश गरिन्छ। |
| 21223 | पदाधिकारीको योगदानमा आधारित बीमा कोष खर्च | यसमा प्रचलित कानून अनुसार पदाधिकारीहरुलाई योगदानमा आधारित बीमा कोष खर्च भुक्तानी गर्नुपर्ने भएमा त्यस्तो रकम समावेश गरिन्छ |
| 21224 | पदाधिकारी कल्याण कोष खर्च | यसमा प्रचलित कानून अनुसार पदाधिकारीहरुको लागि खडा गरिएको कल्याण कोषमा रकम भुक्तानी गर्नुपर्ने भएमा त्यस्तो रकम समावेश गरिन्छ |

| | | |
|---|---|---|
| 21229 | पदाधिकारीको अन्य सामाजिक सुरक्षा खर्च | यसमा प्रचलित कानून अनुसार पदाधिकारीहरुको लागि माथि उल्लेख भए बाहेकका अन्य प्रकारका सामाजिक सुरक्षा सम्बन्धी रकम भुक्तानी गर्नुपर्ने भएमा त्यस्तो रकम समावेश गरिन्छ। |
| **22000** | **मालसामान तथा सेवाको उपयोग** | **यसमा सरकारी कार्यालयहरुलाई आवश्यक पर्ने सेवा र मालसामान उपयोग गर्दा लाग्ने खर्च समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **22100** | **सेवा महशुल** | **यसमा सरकारी कार्यालयहरुलाई आवश्यक पर्ने सेवा र सम्पत्तिहरु वहालमा लिदाको भाडा खर्च पर्दछ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **22110** | **सेवा महशुल** | **यसमा कार्यालयमा उपयोग हुने पानी, धारा, बिजुली र सञ्चार सेवाको महसुल तथा त्यससम्बन्धी सुविधाको खर्च समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 22111 | पानी तथा विजुली | यसमा कार्यालयमा उपयोग हुने धारा तथा ढलको महसुल, विद्युत महसुल र तत्सम्बन्धी जडान खर्च तथा कार्यालयमा उपभोग गरिने खानेपानीको रकम समेत समावेश गरिन्छ। |
| 22112 | सञ्चार महसुल | यसमा सञ्चारसम्बन्धी यन्त्र उपकरण बाहेक टेलिफोन, टेलिग्राम, टेलेक्स, इन्टरनेट, वेबसाइट, होस्टिग महसुल र यस्तै अन्य सञ्चारसम्बन्धी खर्चहरु पर्दछन्। साथै यसमा चिठ्ठी, पार्सल टिकट खर्च, रजिष्ट्री, फिर्ता रसिदको खर्च, कुरियर खर्च समेत समावेश गरिन्छ। |
| 22113 | सार्वजनिक उपयोगिताको सेवा खर्च | सार्वजनिक रूपमा सर्वसाधरणद्वारा प्रयोग गरिने सार्वजनिक उपयोगिताका सेवाहरु जस्तै खानेपानी, बत्ति, टेलिभिजन आदि सम्बन्धी खर्च यसमा पर्दछ। |
| **22200** | **पुँजीगत सम्पत्तिको सञ्चालन र सम्भार खर्च** | **यसमा सरकारी पुँजीगत सम्पत्तिहरु जस्तैः सरकारी कामको सिलसिलामा प्रयोग हुने सवारी साधन, मेसिनरी औजारको लागि आवश्यक पर्ने चालु खर्चहरु समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **22210** | **सवारी साधन सञ्चालन र सम्भार खर्च** | **यस अन्तर्गत सरकारी कामको सिलसिलामा प्रयोग गरिने सवारी साधनको लागि आवश्यक इन्धन, लुव्रिकेन्टस, आदि तथा त्यस्ता सवारी साधनको नियमित रूपमा मर्मत सम्भार गर्दा लाग्ने खर्च समावेश गरिन्छ।** |
| 22211 | इन्धन ( पदाधिकारी) | यसमा पदाधिकारीका लागि प्रयोग हुने सवारी साधनको निमित्त चाहिने इन्धन, लुव्रिकेन्टस आदिको खर्च समावेश गरिन्छ। |
| 22212 | इन्धन (कार्यालय प्रयोजन) | यसमा कार्यालय प्रयोजनका लागि प्रयोग हुने सवारी साधनको निमित्त चाहिने इन्धन, लुव्रिकेन्टस आदिको खर्च समावेश गरिन्छ। तर लगत इष्टिमेटमा परेको निर्माण सामाग्री ओसार्ने सवारी साधनमा प्रयोग भएको इन्धन खर्च सम्बन्धित खर्च |

| | | |
|---|---|---|
| | | शीर्षकमा नै समावेश गर्नुपर्दछ। |
| 22213 | सवारी साधन मर्मत खर्च | यसमा नियमित रूपमा कार्यालय प्रयोगमा रहेको सवारी साधन मर्मत सम्भार गर्न चाहिने सामान र ज्याला खर्चहरु समावेश गरिन्छ। सवारी साधनको लागि व्याट्री लगायतका सामानहरु र ज्याला खर्चहरु समेत समावेश गर्नुपर्दछ। तर सवारी साधनको आयु वृद्धि हुने गरि फेरिएको पार्टपूर्जाको खर्च पुँजीगत खर्चको सम्बन्धित खर्च शीर्षकमा नै समावेश गर्नुपर्दछ। |
| 22214 | बीमा तथा नवीकरण खर्च | यसमा निर्माण भइसकेका सार्वजनिक सम्पत्ति, जस्तैः सडक, पुल, नहर, विद्युत गृह, भवन तथा मेशिनरी उपकरण आदिको बीमा खर्च, सवारी साधनको बीमा तथा तेश्रो पक्षको दायित्व बीमा गर्दा लागेको बीमा शूल्कसम्बन्धी खर्च र सवारी साधन नवीकरण शुल्क समावेश गरिन्छ। तर निर्माण अवधिको बीमा खर्च भने पुँजीगत खर्चको सम्बन्धित बजेट खर्च शीर्षकमा समावेश गर्नुपर्दछ। |
| **22220** | **मेशिनरी तथा औजार संचालन तथा सम्भार खर्च** | **यसमा कार्यालयमा रहेका मेशिनरी औजारको संचालनका लागि लाग्ने नियमित खर्च तथा मर्मत सम्भारको खर्च यसमा समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 22221 | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | यसमा कार्यालयमा रहेका मेशिनरी औजारको संचालनका लागि लाग्ने नियमित खर्च तथा मर्मत सम्भारको खर्च यसमा समावेश गरिन्छ। |
| 22230 | निर्मित सार्वजनिक सम्पत्तिको संभार खर्च | यसमा निर्माण भइसकेका सार्वजनिक सम्पत्तिहरुको चालु प्रकृतिका नियमित मर्मत सम्भार खर्च समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन। |
| 22231 | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च | यसमा निर्माण भइसकेका स्थिर सार्वजनिक सम्पत्ति जस्तै सडक, पुल, नहर, विद्युत गृह, भवन आदिको नियमित मर्मत सम्भार तथा रंगरोगन सम्बन्धी चालु प्रकृतिका खर्च समावेश गरिन्छ। |
| **22290** | **अन्य सम्पत्तिहरुको संचालन तथा सम्भार खर्च** | **यसमा स्थिर सम्पत्ती बाहेकका अन्य सम्पत्तिहरुको संचालन तथा सम्भार खर्च पर्दछन्। यसमा खर्च लेख्न मिल्दैन।** |
| 22291 | अन्य सम्पत्तिहरुको संचालन तथा | यसमा स्थिर सम्पत्ती बाहेकका अन्य सम्पत्तिहरुको संचालन तथा सम्भार सम्बन्धी चालु प्रकृतिका खर्च समावेश गरिन्छ। |

| | | |
|---|---|---|
| | सम्भार खर्च | |
| **22300** | **कार्यालय सामान तथा सेवाहरु** | **यसमा कार्यालय सामान तथा सेवाहरुको खरीद सम्बन्धी खर्च समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **22310** | **कार्यालय सामान तथा सेवाहरु** | **यसमा कार्यालय प्रयोजनका लागि आवश्यक पर्ने सामानहरुको मूल्य, सेवा सम्बन्धी खर्च तथा पुस्तक एवं सामग्रीहरुको खरीद खर्च समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 22311 | मसलन्द तथा कार्यालय सामाग्री | यसमा<br>(क) बैंक दस्तूर, क्षतिपूर्ति र अन्य यस्तै सेवा खर्च।<br>(ख) कार्यालयको दैनिक प्रयोगमा ल्याइने कागज, खाम, फाराम, रेकर्ड फाइल, स्टेपलर, पन्चिङ्ग मेशीन पेनड्राइभ जस्ता मेशीन र यिनका लागि चाहिने आवश्यक अन्य सामानहरु एवं कलम, मसी, टोनर, शिशाकलम आदि जस्ता कार्यालयसम्बन्धी मसलन्द सामानहरुको मूल्य ।<br>(ग) एक वर्षभन्दा कम टिकाउ हुने अरु कार्यालय मालसामानहरु।<br>(घ) सूरक्षाका मेशीनरी औजारका लागि आवश्यक ससाना सहयोगी सामग्री आदि।<br>(ङ)एक वर्ष भन्दा बढी टिकाउ हुने सामान जस्तै पर्दा जस्ता वस्तुहरु तर प्रति इकाइ रु.पाँच हजार भन्दा कम मूल्यका अरु कार्यालय मालसामानहरुको खर्च।<br>(छ) सरकारी प्रयोगका सामानको ढुवानी खर्च रकमहरु समावेश हुन्छन् । |
| 22312 | पशुपंक्षीहरुको आहार | यसमा सार्वजनिक पशुपंक्षीहरुको आहारा व्यवस्थापनका लागि गर्नुपर्ने खर्च रकम समावेश गरिन्छ। |
| 22313 | पुस्तक तथा सामग्री खर्च | यसमा सार्वजनिक विद्यालयले निःशुल्क रूपमा विद्यार्थीहरुलाई वितरण गर्ने पुस्तक, खेलकुद एवं शैक्षिक सामग्री तथा सार्वजनिक पुस्तकालय प्रयोजनको लागि खरीद गरिएका पुस्तकको खर्च समावेश गरिन्छ। |
| 22314 | इन्धन - अन्य प्रयोजन | सरकारी काममा प्रयोग हुने मट्टीतेल, ग्याँस, कोइला, दाउरा, सवारी साधन बाहेकका मेसीनरी औजारमा प्रयोग हुने इन्धन खर्च र सबै प्रकारका ब्याट्रीहरुसम्बन्धी खर्च समावेश गरिन्छ। तर सवारी साधनको लागि आवश्यक पर्ने ब्याट्रीसम्बन्धी खर्च संकेत नं. २२२१३ मा समावेश गरिन्छ। |
| 22315 | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | यसमा (क) कार्यालयका लागि आवश्यक छपाईको खर्च (ख) पत्रपत्रिका तथा कार्यालयको दैनिक कार्य सञ्चालनमा आवश्यक पर्ने पुस्तकसम्बन्धी खर्च (ग) सरकारी सूचना, लिलाम, ठेक्कापट्टा, घटाघट, बढाबढसम्बन्धी सूचना प्रकाशनको खर्च |

| | | |
|---|---|---|
| | | आदि छपाई तथा सूचना प्रकाशन सम्बन्धी खर्च समावेश गरिन्छ। |
| 22319 | अन्य कार्यालय संचालन खर्च | माथि उल्लेखित बाहेकका कार्यालय संचालन सम्बन्धी अन्य खर्च यसमा पर्दछ। |
| **22400** | **सेवा तथा परामर्श खर्च** | **यसमा सेवा तथा परामर्श प्राप्त गर्नको लागि भुक्तानी गरिने शुल्क वा सेवा शुल्कसम्बन्धी खर्चहरु समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **22410** | **परामर्श तथा अन्य सेवा शुल्क** | **यसमा सरकारी कामको सिलसिलामा आवश्यक पर्ने परामर्श तथा अन्य सेवाहरु प्राप्त वा खरीद गर्नको लागि भुक्तानी गरिने शुल्क तथा सेवा शुल्कसम्बन्धी खर्चहरु समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 22411 | सेवा र परामर्श खर्च | यसमा (क) पुंजीगत निर्माण अन्तर्गत नपरेका वा त्यस्तो निर्माणसँग सम्बन्धित नभएका अध्ययन, अनुसन्धान, आदिको पारिश्रमिक। (ख) छानविन, जाँचबुझ गराए वापत्को खर्च विशेषज्ञबाट लिइने परामर्श सेवा तथा विज्ञ र सल्लाहकार सेवा आदिको पारिश्रमिकसम्बन्धी खर्चहरु समावेश गरिन्छ। |
| 22412 | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | यसमा सूचना प्रणाली तथा सफ्टवेयर संचालनका लागि गरिने नवीकरण खर्च, परामर्श सेवाको खर्च तथा नियमित सुधार खर्च यसमा समावेश गरिन्छ। |
| 22413 | करार सेवा शुल्क | यसमा कार्यालय सुरक्षा गर्ने, सरसफाइ गर्ने, बगैंचा सम्भार गर्ने, कार्यालयको चिठ्ठी ओसारपसार गर्ने, कृषि प्रसार, प्राथमिक स्थास्थ्य सेवाको सुविधा, सवारी चलाउने, टेलिफोन, फ्याक्स, कम्प्यूटर, फोटोकपी मेशीन जस्ता सामानहरुको सञ्चालन र सम्भार आदि कार्यको लागि आवधिक वा पटके रूपमा करार सम्झौता गरी सेवा लिए वापत् दिइने सेवा शुल्क समावेश गरिन्छ। |
| 22414 | सरसफाई सेवा शुल्क | सार्वजनिक क्षेत्र(सडक, बजार क्षेत्र, धार्मिकस्थल, पार्क आदि) पूर्वाधारहरुको सरसफाईका निम्ति गरिने खर्च यसमा पर्दछ। |
| 22419 | अन्य सेवा शुल्क | माथि उल्लेखित बाहेकका अन्य सेवा शुल्क भुक्तानी सम्बन्धी खर्च यसमा पर्दछ। |
| **22500** | **कार्यक्रमसम्बन्धी खर्चहरु** | **यसमा कच्चा पदार्थ तथा अन्य मालसामान श्रम तथा उत्पादनसँग सम्बन्धित अन्य खर्च समेत प्रत्यक्ष रूपमा समावेश भई सामानहरु उत्पादन गर्दा लाग्ने सबै प्रकारका लागतहरु तथा सार्वजनिक गोष्ठी, सार्वजनिक रूपमा दिइने तालिम सञ्चालन खर्च, चेतनामूलक सूचना तथा विज्ञापन खर्च एवं सेवाग्राही वर्गलाई सेवा दिँदा लाग्ने स्रोत व्यक्तिको भत्ता खर्च समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **22510** | **तालिम तथा** | **यसमा तालिम तथा सञ्चालन हुने गोष्ठी एवं** |

| | | |
|---|---|---|
| | **गोष्ठी** | **कार्यशालासम्बन्धी खर्चहरु समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 22511 | कर्मचारी तालिम खर्च | यसमा कर्मचारीको वृत्ति विकास तथा क्षमता वृद्धिका लागि दिइने तालिम, गोष्ठी, कार्यशाला सञ्चालन वापत्‌को खर्च तथा तालिममा सहभागी हुँदाको दैनिक भ्रमण भत्ताको खर्च, प्रशिक्षक, श्रोत व्यक्तिको भत्ता समेत समावेश गरिन्छ। |
| 22512 | सीप विकास र जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | यसमा सार्वजनिक रूपमा दिइने आय आर्जन, सीप विकास, सशक्तिकरण, सार्वजनिक चेतना जागरण जस्ता तालिम सञ्चालनको खर्च जस्तै प्रशिक्षक, श्रोत व्यक्तिको भत्ता, सहभागीको भत्ता, मसलन्द, खाजा खर्च, हल भाडा तथा तालिमका सहभागीको स्वीकृत मापदण्डअनुसारको दैनिक भत्ता तथा भ्रमण खर्च र स्वीकृत कार्यक्रम अनुसारको कार्यक्रम कार्यान्वयन गर्दा लाग्ने भ्रमण खर्च समावेश गरिन्छ। |
| **22520** | **उत्पादन सामाग्री/सेवा तथा अन्य कार्यक्रमसम्बन्धी खर्च** | **विक्री वितरण गरिने उत्पादन सामग्रीको कच्चा पदार्थ, अन्य मालसामान तथा उत्पादनसँग सम्बन्धित अन्य खर्चका साथै कुनै बजेट रकमहरुमा नपरेका कार्यक्रम खर्चहरु यसमा समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 22521 | उत्पादन सामग्री/सेवा खर्च | कच्चा पदार्थ तथा अन्य मालसामान आदि खरीद गरि त्यसमा श्रम तथा प्रत्यक्ष रूपमा उत्पादनसँग सम्बन्धित अन्य खर्च समेत गरी उत्पादन वा प्राप्त हुने सामान पछि नगदमा बिक्री वितरण हुने अवस्थामा त्यस्तो सामान उत्पादन गर्दा लागेको कच्चा पदार्थ तथा अन्य मालसामानको मोल र उत्पादनसँग सम्बन्धित अन्य खर्च यसमा समावेश गरिन्छ।(जस्तैः हुलाक टिकट, पोष्ट कार्ड, घरेलु सामानहरु, कीटनाशक औषधि, कृषि अन्तर्गतका दोपाय, चौपाया, मत्स्य पालन, च्याउ खेती, अन्य कृषि सम्बन्धी उत्पादन, नापी कार्य अन्तर्गत नक्सा तयारी, कानूनी किताब, सामानको पुनः उत्पादन, विभिन्न दृश्य तथा राष्ट्रिय सम्पदाको पोष्ट कार्ड, परिचय पुस्तिका (ब्रोसियर) आदिको खर्च, साथै नश्ल सुधारका लागि खरीद गरिएका दोपाया, चौपायाको मोल, अस्पतालमा प्रयोग हुने एक वर्ष भन्दा कम अवधि टिकाउ हुने प्रकृतिका सामानहरुको खर्च र यस्ता सामानहरुको ढुवानी गर्दा लाग्ने यातायात तथा ढुवानीसम्बन्धी खर्च, बिक्रि वितरणको उद्देश्यले उत्पादन गरिने विउ विजन, विरुवाको खर्च आदि) यसमा समावेश गरिन्छ। तर पुँजीगत सामान खरीद गरी कार्यालयसम्म पुऱ्याउँदा लागेको खर्च र वृक्षारोपण गर्नको लागि गरिने पुँजीगत खर्च सम्बन्धित खर्च शीर्षकमै जोडी जिन्सी किताबमा मोल कायम गर्नु पर्नेछ। |

| | | |
|---|---|---|
| 22522 | कार्यक्रम खर्च | यसमा २२५१२ मा पर्ने सीप विकास र जनचेतना तालिम तथा गोष्ठी बाहेकका सबै किसिमका कार्यक्रम जस्तै स्वास्थ्य, शिक्षा, कृषि, महिला, पर्यटन लगायतका विभिन्न क्षेत्रमा सञ्चालन हुने उत्पादन तथा सेवा प्रवाह (बिक्री हुने बाहेक) सम्बन्धी कार्यक्रमको खर्च समावेश गरिन्छ। |
| 22529 | विविध कार्यक्रम खर्च | यसमा धार्मिक, सांस्कृतिक संस्थाहरुको पूजा पाठ, यज्ञ, जप लगायतका कार्यक्रम र अन्य कुनै खर्च शीर्षकहरुमा नपरेका कार्यक्रम खर्च समावेश गरिन्छ। |
| **22600** | **अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च** | **यसमा अनुगमन तथा मूल्याङ्कन कार्यमा हुने खर्च र सरकारी काम वा कार्यक्रम कार्यान्वयन तथा सरुवाको सिलसिलामा स्वदेश वा विदेशमा भ्रमण गर्दा नियमानुसार पाइने भ्रमण खर्च, दैनिक भत्ता, वासस्थान खर्च, पकेट खर्च, फुटकर तथा भैपरी आउने खर्चहरु समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **22610** | **अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च** | **यसमा अनुगमन तथा मूल्याङ्कन कार्यमा हुने खर्च र सरकारी काम वा कार्यक्रम कार्यान्वयन तथा सरुवाको सिलसिलामा स्वदेश वा विदेशमा भ्रमण गर्दा नियमानुसार पाइने भ्रमण खर्च, दैनिक भत्ता, वासस्थान खर्च, पकेट खर्च, फुटकर तथा भैपरी आउने खर्चहरु समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 22611 | अनुगमन मूल्याङ्कन खर्च | यसमा अनुगमन तथा मूल्याङ्कन कार्य, तत्सम्बन्धी प्रतिवेदन तथा निरिक्षणको लागि हुने खर्च र अनुगमन गर्ने पदाधिकारी तथा कर्मचारीहरुको दैनिक भ्रमण भत्ता लगायतका खर्चहरु समावेश गरिन्छ |
| 22612 | भ्रमण खर्च | यसमा (क) एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा भएको वा दरबन्दी यथास्थानमा राखी काज सरुवा भएको कर्मचारी र नीजले नियमानुसार लैजान पाउने परिवारको भ्रमण खर्च निर्धारित दरमा सवारी खर्च र पैदल हिंडे वापत् पाउने भ्रमण खर्च (जस्तैः यातायात भाडा, हवाई उडान कर, भ्रमणसम्बन्धी बीमा खर्च र नेपाल सरकारबाट स्वीकृत भ्रमणसम्बन्धी फुटकर खर्चहरु (ख) सरुवा भई जाने कर्मचारी र निजको परिवारले नियमानुसार पाउने दैनिक भत्ता (ग) सरकारी काम वा कार्यक्रम कार्यान्वयन तथा सरुवाको सिलसिलामा स्वदेश वा विदेशमा भ्रमण गर्दा नियमानुसार पाइने भ्रमण खर्च, दैनिक भत्ता, वासस्थान खर्च, बीमा खर्च, फुटकर तथा भैपरी आउने खर्चहरु पर्दछन्। |
| 22613 | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको लागि हुने यातायात भाडा, हवाई उडान कर, भ्रमणसम्बन्धी बीमा खर्च, दैनिक भत्ता, वासस्थान, विदेश जाँदाको भत्ता, फुटकर तथा भैपरी आउने खर्चहरु यसमा समावेश गरिन्छ। |
| 22619 | अन्य भ्रमण | सरकार वादी हुने मुद्दामा सरकारी पक्षमा साक्षीको रूपमा |

| | | |
|---|---|---|
| | खर्च | झिकाइएको व्यक्तिको भ्रमणसम्बन्धी खर्च यसमा समावेश गरिन्छ। २२६११,२२६१२ र २२६१३ मा नपरेको कुनै व्यक्तिलाई प्रचलित कानूनको अधिनमा रही भ्रमण भत्ता दिनु पर्ने भएमा त्यस्तो रकम यसमा पर्दछ। |
| **22700** | **विविध खर्च** | **यसमा विभिन्न किसिमका विविध खर्चहरु समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **22710** | **विविध खर्च** | **यसमा सरकारी कामको सिलसिलामा आवश्यक पर्ने विभिन्न किसिमका विविध खर्चहरु समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 22711 | विविध खर्च | यसमा (क) स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरुसम्बन्धी खर्च (ख) कार्यालय सुरक्षासम्बन्धी आवश्यक खर्च (ग) प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च (घ) अन्य कुनै खर्च शीर्षकमा नपरेको नियमानुसार गर्नुपर्ने विविध खर्च जस्ता रकम यसमा समावेश गरिन्छ। |
| **22720** | **सभा सञ्चालन खर्च** | **गाउँ वा गाउँ सभा संचालन सम्बन्धी खर्च यसमा समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 22721 | सभा सञ्चालन खर्च | गाउँ वा गाउँ सभा संचालन सम्बन्धी खर्च यसमा समावेश गरिन्छ। |
| **23000** | **स्थिर सम्पत्तिको उपभोग खर्च** | **स्थिर सम्पत्तिको उपभोग गर्न ब्यहोर्नु पर्ने जगेडा सम्बन्धी खर्च यसमा समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **23100** | **स्थिर सम्पत्तिको उपभोग खर्च** | **स्थिर सम्पत्तिको उपभोग गर्न ब्यहोर्नु पर्ने जगेडा सम्बन्धी खर्च यसमा समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **23110** | **स्थिर सम्पत्तिमा ह्रास कट्टी** | **स्थिर सम्पत्तिमा हुने ह्रास खर्च यसमा समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 23111 | स्थिर सम्पत्तिमा ह्रास कट्टी | सरकारले ह्रास निर्णय गरि स्वामीत्वमा रहेको स्थिर सम्पत्तिमा हुने ह्रास कट्टी खर्च यसमा समावेश गरिन्छ। |
| **24000** | **ब्याज, सेवा शुल्क तथा बैंक कमिशन** | **कुनै वित्तीय सम्पत्ति वा कुनै दृश्य तथा अनुत्पादित सम्पत्तिको प्रयोग वापत् भुक्तानी गर्नुपर्ने ब्याज खर्च यसमा समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **24100** | **वैदेशिक ऋणको ब्याज** | **यसमा वैदेशिक ऋणको ब्याज तथा सेवा शुल्कसम्बन्धी खर्च समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **24110** | **वैदेशिक ऋणको ब्याज** | **यसमा सरकारले लिएको वैदेशिक ऋणको ब्याज तथा सेवा शुल्कसम्बन्धी खर्च समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |

| | | |
|---|---|---|
| 24111 | वैदेशिक ऋणको व्याज | यसमा सरकारले लिएको वैदेशिक ऋणको व्याज तथा सेवा शुल्क भुक्तानीसम्बन्धी खर्च समावेश गरिन्छ। |
| **24200** | **आन्तरिक ऋणको व्याज, सेवा शुल्क तथा बैंक कमिशन** | **यसमा सरकारले लिएको आन्तरिक ऋण तथा सापटीमा व्यहोर्नु पर्ने व्याज, सेवा शुल्क र बैंक कमिशन समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **24210** | **आन्तरिक ऋणको व्याज र सेवा शुल्क तथा बैंक कमिशन** | **यसमा सरकारले लिएको आन्तरिक ऋण तथा सापटीमा व्यहोर्नु पर्ने व्याज खर्च र सेवा शुल्क समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 24211 | आन्तरिक ऋणको व्याज | यसमा सरकारले लिएको आन्तरिक ऋण तथा सापटीमा व्यहोर्नु पर्ने व्याज वापत्को खर्च समावेश गरिन्छ। |
| 24212 | आन्तरिक ऋणको सेवा शुल्क तथा बैंक कमिशन | यसमा सरकारले आन्तरिक ऋण तथा सापटी लिंदा केन्द्रीय/सम्बन्धित बैंकलाई तिर्नु पर्ने सेवा शुल्क र सरकारी कारोवार गरे वापत् वाणिज्य बैंकहरुलाई दिनु पर्ने कमिसन वापत्को रकम समावेश गरिन्छ। |
| 24213 | अन्य वित्तीय संस्थाको ऋणको सेवा शुल्क, कमिशन तथा सेवा शुल्क भुक्तानी | यसमा माथि उल्लेखित बाहेक अन्य कुनै बैंक तथा वित्तीय संस्थाबाट कुनै प्रकारको ऋण लिएकोमा सो को सेवा शुल्क, कमिशन तथा व्याज वापत भुक्तानी गर्नुपर्ने रकम समावेश हुन्छ। |
| **24300** | **अन्य तहका सरकारबाट प्राप्त ऋणको व्याज सेवा शुल्क तथा कमिसन** | **अन्य तहका  सरकारबाट प्राप्त ऋणको व्याज, सेवा शुल्क तथा कमिशन भुक्तानी खर्च यसमा पर्दछ।** |
| **24310** | **अन्य तहका सरकारबाट प्राप्त ऋणको व्याज सेवा शुल्क तथा कमिसन** | **अन्य तहका  सरकारबाट प्राप्त ऋणको व्याज तथा  सेवा शुल्क भुक्तानी खर्च यसमा पर्दछ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 24311 | अन्य तहका सरकारबाट | अन्य तहका  सरकारबाट प्राप्त ऋणको व्याज भुक्तानी खर्च यसमा पर्दछ। |

| | | |
|---|---|---|
| | प्राप्त ऋणको ब्याज | |
| 24312 | अन्य तहका सरकारबाट प्राप्त ऋणको सेवा शुल्क तथा कमिशन | अन्य तहका सरकारबाट प्राप्त ऋणको सेवा शुल्क तथा कमिशन भुक्तानी खर्च यसमा पर्दछ। |
| **25000** | **सहायता (Subsidies)** | **यसमा सरकारद्वारा सार्वजनिक संस्थान र अन्य संस्थाहरुलाई प्रदान गरिने चालु प्रकृतिका सहायता समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **25100** | **सार्वजनिक संस्थानहरुलाई सहायता** | **यसमा सरकारद्वारा सार्वजनिक संस्थानहरुलाई प्रदान गरिने चालु प्रकृतिका सहायता समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **25110** | **गैर वित्तीय सार्वजनिक संस्थानहरुलाई सहायता** | **यस अन्तर्गत सरकारका तर्फबाट गैर वित्तीय सार्वजनिक संस्थानहरुलाई दिइने चालु प्रकृतिको सहायतालाई जनाउँछ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 25111 | गैर वित्तीय संस्थानहरुलाई चालु सहायता | यसमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका गैर वित्तीय सार्वजनिक संस्थानहरुलाई दिइने चालु प्रकृतिको खर्चको लागि दिइने सहायतासम्बन्धी खर्च पर्दछन्। |
| 25112 | गैर वित्तीय संस्थानहरुलाई पुँजीगत सहायता | यसमा सरकारले गैर वित्तीय सार्वजनिक संस्थानलाई पुँजीगत सम्पत्तिको खरीद र निर्माण कार्यको लागि दिइने सहायताको रकम पर्दछ। |
| **25120** | **वित्तीय संस्थानहरुलाई सहायता** | **यसमा सरकारद्वारा वित्तीय सार्वजनिक संस्थानहरुलाई दिइने चालु प्रकृतिको सहायता समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 25121 | वित्तीय संस्थानहरुलाई चालु सहायता | यसमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका वित्तीय सार्वजनिक संस्थानहरुलाई चालु प्रकृतिको खर्चको लागि दिइने सहायतासम्बन्धी खर्च समावेश गरिन्छ। |
| 25122 | वित्तीय संस्थानहरुलाई पुँजीगत सहायता | यसमा सरकारद्वारा वित्तीय सार्वजनिक संस्थानलाई पुँजीगत सम्पत्तिको खरीद र निर्माण कार्यको लागि दिइने सहायताको रकम समावेश गरिन्छ। |
| **25200** | **व्यवसायहरुलाई सहायता** | **यसमा नेपाल सरकारद्वारा निजी व्यवसायहरुलाई प्रदान गरिने चालु प्रकृतिको सहायता समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |

| | | |
|---|---|---|
| **25210** | **गैर वित्तीय व्यवसायहरुलाई सहायता** | **यस अन्तर्गत सरकारले गैर वित्तीय निजी व्यवसायहरुलाई प्रदान गरिने चालु प्रकृतिको सहायतालाई जनाउँदछ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 25211 | गैर वित्तीय व्यवसाय चालु सहायता | यसमा सरकारद्वारा गैर वित्तीय निजी व्यवसायहरुलाई सञ्चालन अनुदानको रूपमा प्रदान गरिने चालु प्रकृतिको सहायतासम्बन्धी खर्च समावेश गरिन्छ। |
| 25212 | गैर वित्तीय व्यवसाय पुँजीगत सहायता | यसमा सरकारले गैर वित्तीय निजी व्यवसायहरुलाई पुँजीगत सम्पत्तिको खरीद वा निर्माणसम्बन्धी खर्चहरुको लागि दिइने सहायता रकम समावेश गरिन्छ। |
| **25220** | **वित्तीय व्यवसायहरुलाई सहायता** | **यसमा सरकारद्वारा वित्तीय निजी व्यवसायहरुलाई प्रदान गरिने चालु प्रकृतिको सहायता समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 25221 | वित्तीय व्यवसायहरुलाई चालु सहायता | यसमा सरकारद्वारा वित्तीय निजी व्यवसायहरुलाई सञ्चालन अनुदानको रूपमा प्रदान गरिने चालु प्रकृतिको सहायतासम्बन्धी खर्च समावेश गरिन्छ। |
| 25222 | वित्तीय व्यवसायहरुलाई पुँजीगत सहायता | यसमा सरकारले वित्तीय निजी व्यवसायलाई पुँजीगत सम्पत्तिको खरीद वा निर्माणसम्बन्धी खर्चहरुको लागि दिइने सहायता समावेश गरिन्छ। |
| **25300** | **अन्य सहायता** | **माथि उल्लेखित बाहेक अन्य प्रकारको सहायता यसमा पर्दछ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **25310** | **अन्य सामाजिक संस्थालाई सहायता** | **माथि उल्लेखित बाहेक अन्य सामाजिक संस्थाहरुलाई सरकारले प्रदान गर्ने सहायता यसमा समावेश गर्नु पर्नेछ।** |
| 25311 | शैक्षिक संस्थाहरुलाई सहायता | शैक्षिक संस्थाहरुलाई सरकारले प्रदान गर्ने सहायता सम्बन्धी खर्च रकम यसमा पर्दछ। |
| 25312 | स्वास्थ्य संस्थाहरुलाई सहायता | स्वास्थ्य संस्थाहरुलाई सरकारले प्रदान गर्ने सहायता सम्बन्धी खर्च रकम यसमा पर्दछ। |
| 25313 | उपभोक्ता समिती तथा गैह्र सरकारी संस्था सहायता | उपभोक्ता समिती तथा गैह्र सरकारी संस्थालाई सरकारले प्रदान गर्ने सहायता सम्बन्धी खर्च रकम यसमा पर्दछ। |
| 25314 | धार्मिक तथा | धार्मिक तथा सांस्कृतिक संस्थालाई सरकारले प्रदान गर्ने |

| | | |
|---|---|---|
| | सांस्कृतिक संस्था सहायता | सहायता सम्बन्धी खर्च रकम यसमा पर्दछ। |
| 25315 | अन्य सहायता | माथि उल्लेखित बाहेकका व्यक्ति, संस्था वा अन्य जुनसुकै प्रयोजनका लागि सरकारले प्रदान गर्ने सहायता रकम यसमा पर्दछ। |
| **26000** | **अनुदान** | **यसमा सरकारले प्रदान गर्ने अनुदान रकम समावेश हुन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **26300** | **अन्य तहका सरकारहरुलाई अनुदान** | **यसमा सरकारद्वारा स्थानीय निकायहरुलाई प्रदान गरिने अनुदान रकम समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **26330** | **आन्तरिक अनुदान** | **आन्तरिक रूपमा अन्य सरकारलाई प्रदान गरिने अनुदान यसमा पर्दछन्  । यसमा खर्च लेख्न मिल्दैन।** |
| 26332 | शसर्त अनुदान | यसमा निश्चित प्रयोजनका लागि कार्य वा शर्त तोकी एक सरकारबाट अर्को सरकारलाई प्रदान गर्ने शर्त सहितको चालू अनुदान वापतको रकम समावेश गरिन्छ। |
| 26333 | विषेश अनुदान | यसमा एक सरकारले अर्को सरकारलाई विशेष कार्य वा प्रयोजनका लागि त्यस्तो कार्य सम्पादन गर्नुपर्ने कारण सहित उपलब्ध गराउने विशेष प्रकारको चालू अनुदान वापतको रकम यसमा समावेश गरिन्छ। |
| 26335 | अन्य अनुदान | २६३३१ देखि २६३३४ सम्म नपरेका अन्य प्रकृतिका अनुदान रकम यसमा समावेश गरिन्छ। |
| **26400** | **सामाजिक सेवा अनुदान** | **यसमा सरकारी निकाय, समिति एवं बोर्डहरु, अन्य संस्थाहरुलाई चालु खर्चको लागि दिइने निःशर्त, सःशर्त अनुदान र अन्य मुलुक तथा अन्तराष्ट्रिय संघ संस्थालाई दिइने सहयोग, चन्दा तथा अन्तराष्ट्रिय संघ सस्थाको सदस्यता शुल्क र नवीकरण शुल्क तथा खर्च समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **26410** | **चालु अनुदान** | **यसमा सरकारी निकाय, समिति एवं बोर्डहरु, अन्य संस्थाहरुलाई चालु खर्चको लागि दिइने निःशर्त, सःशर्त अनुदान र अन्य मुलुक तथा अन्तराष्ट्रिय संघ संस्थालाई दिइने सहयोग, चन्दा तथा अन्तराष्ट्रिय संघ सस्थाको सदस्यता शुल्क र नवीकरण शुल्क तथा खर्च समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 26411 | सरकारी निकाय, समिति एवं बोर्डहरुलाई निःशर्त चालु अनुदान | यसमा (क) सरकारको तर्फबाट सरकारी निकाय (विकास समिति ऐन वा अन्य छुट्टै ऐनद्वारा गठन भएका निकाय समेत) तथा बोर्ड, समिति, शिक्षण संस्था, अस्पताललाई दिइने निःशर्त अनुदानको रकम समावेश गरिन्छ। |
| 26412 | सरकारी | यसमा सरकारको तर्फबाट सरकारी निकाय (विकास समिति |

| | | |
|---|---|---|
| | निकाय, समिति एवं बोर्डहरुलाई सःशर्त चालु अनुदान | ऐन वा अन्य छुट्टै ऐनद्वारा गठन भएका निकाय समेत) तथा बोर्ड, समिति, शिक्षण संस्था, अस्पताललाई दिइने सःशर्त अनुदान समावेश गरिन्छ। |
| 26413 | अन्य संस्थालाई अनुदान-सःशर्त | यसमा (क) दैवी प्रकोप वा अन्य कारणले संस्थालाई दिइने क्षतिपूर्तिसम्बन्धी खर्च (ख) गैर सरकारी सामाजिक क्षेत्रका सेवामूलक संस्थाहरु, धार्मिक संघ संस्थाहरुलाई दिइने अनुदानसम्बन्धी खर्च (ग) सरकारका तर्फबाट संघसंस्थालाई प्रदान गरिने आर्थिक सहायता, पुरस्कार आदिको खर्च (घ) माथि शीर्षकहरुमा नपरेका अन्य संस्थागत अनुदान सम्बन्धी खर्चहरु समावेश गरिन्छ। |
| **26420** | **पुँजीगत अनुदान** | **यसमा सरकारी निकाय, समिति एवं बोर्डहरुलाई पुँजीगत निःशर्त, सःशर्त अनुदान र अन्य संस्थालाई पुँजीगत खर्चको लागि दिइने रकम समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 26421 | सरकारी निकाय, समिति बोर्ड-पुँजीगत निःशर्त अनुदान | यसमा सरकारको तर्फबाट सरकारी निकाय (विकास समिति ऐन वा अन्य छुट्टै ऐनद्वारा गठन भएका निकाय समेत) तथा बोर्ड, समिति, शिक्षण संस्था, अस्पताललाई पुँजीगत कार्यको लागि दिइने निःशर्त अनुदान पर्दछ। |
| 26422 | सरकारी निकाय, समिति बोर्ड - पुँजीगत सःशर्त अनुदान | यसमा सरकारको तर्फबाट सरकारी निकाय (विकास समिति ऐन वा अन्य छुट्टै ऐनद्वारा गठन भएका निकाय समेत) तथा बोर्ड, समिति, शिक्षण संस्था, अस्पताललाई तोकिएका पुँजीगत कार्यक्रमहरु सञ्चालन गर्न दिइने सःशर्त अनुदान समावेश गरिन्छ। |
| 26423 | अन्य संस्थालाई सःशर्त पुँजीगत अनुदान | यसमा गैर सरकारी सामाजिक क्षेत्रका सेवामुलक संस्थाहरु र माथि उल्लेख नभएका संस्थाहरुलाई पुँजीगत कार्यको लागि दिइने अनुदान समावेश गरिन्छ। |
| **27000** | **सामाजिक सुरक्षा** | **यसमा सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यले सरकारको तर्फबाट नगद वा जिन्सीको रूपमा व्यहोरिने खर्च रकमहरु समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **27100** | **सामाजिक सुरक्षा** | **यसमा तोकिएका नागरिकहरुलाई सामाजिक सुरक्षा प्रदान गर्ने उद्देश्यले नेपाल सरकारको तर्फबाट नगद वा जिन्सीको रूपमा व्यहोरिने खर्च रकमहरु समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **27110** | **सामाजिक सुरक्षा** | **यसमा सरकारले प्रदान गर्ने आर्थिक सहयोगको खर्च समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 27111 | सामाजिक | यसमा (क) वृद्ध, असहाय, अपांग, विधवा वा राज्यले दायित्व |

| | | |
|---|---|---|
| | सुरक्षा | व्यहोर्ने निर्णय गरेका व्यक्तिहरुलाई प्रदान गरिने आर्थिक सहायता वा अनुदान स्वरूप प्रदान गरिने अनुदान रकम (ख) बिरामीका लागि दिइने खाना खर्चहरु (ग)बन्दीहरुको लागि दिइने खाना, सिदा, कपडा र अन्य सहुलियतसम्बन्धी खर्चहरु समावेश गरिन्छ। |
| 27112 | अन्य सामाजिक सुरक्षा | यसमा (क) राष्ट्रिय व्यक्तित्व तथा सर्वसाधारणलाई दिइने औषधि उपचार खर्च र मृत्यु वा अन्य कारणले पीडितलाई दिइने आर्थिक सहायताको रकम सम्बन्धी खर्च पर्दछ। |
| **27200** | **सामाजिक सहायता** | **यसमा सरकारले विभिन्न लक्षित समूहलाई प्रदान गर्ने सामाजिक सहायताको रकम समावेश गरिन्छ।** |
| **27210** | **सामाजिक सहायता** | **यसमा सरकारले विभिन्न लक्षित समूहलाई प्रदान गर्ने सामाजिक सहायताको रकम समावेश गरिन्छ।** |
| 27211 | छात्रवृत्ति | यसमा विद्यालय, महाविद्यालय, विश्वविद्यालय जस्ता सबै शिक्षण संस्थाहरुमा अध्ययन गर्ने छात्रछात्राहरुलाई छात्रवृत्ति स्वरूप दिइने अनुदान वापत्को नगद, जिन्सी वा सुविधाको रकम तथा सरकारी सेवामा कार्यरत कर्मचारीहरुलाई छात्रवृत्ति स्वरूप दिइने रकम समावेश गरिन्छ। |
| 27212 | उद्धार, राहत तथा पुनर्स्थापना खर्च | प्रकोप वा अन्य घटनाका कारणले भएको क्षति वापत व्यक्ति/संस्थालाई दिइने क्षतिपूर्तिको रकम यसमा समावेश गरिन्छ। |
| 27213 | औषधी खरिद खर्च | यसमा अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, आयुर्वेद औषधालय आदि जस्ता निकायबाट निशुल्क रूपमा वितरण गरिने वा विरामीको उपचारमा प्रयोग हुने औषधि तथा स्वास्थ्य सामाग्री खरिद र सोको ढुवानीसम्बन्धी खर्च समावेश गरिन्छ। |
| 27219 | अन्य सामाजिक सहायता | सरकारको तर्फबाट प्रदान गरिने अन्य आर्थिक/सामाजिक सहायता, पुरस्कार वा सामाजिक सहायता सम्बन्धी रकम यसमा समावेश गरिन्छ। |
| **27300** | **कर्मचारी सामाजिक लाभ सम्बन्धी खर्च** | **यसमा सेवा निवृत्त कर्मचारी तथा पदाधिकारीहरुलाई सुविधाहरु प्रदान गर्नको लागि हुने खर्चहरु समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **27310** | **सेवा निवृत्त सुविधाहरु** | **यसमा सेवा निवृत्त कर्मचारी तथा पदाधिकारीहरुलाई सरकारले सेवा निवृत्त सुविधाहरु प्रदान गर्नको लागि हुने खर्चहरु समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 27311 | निवृतिभरण तथा अशक्त वृति | यसमा सेवा निवृत्त पदाधिकारी वा कर्मचारीलाई प्रदान गरिने निवृतिभरण सुविधा तथा अशक्त वृत्तिको खर्च समावेश गरिन्छ। |

| | | |
|---|---|---|
| 27312 | उपदान | यसमा सेवा निवृत्त पदाधिकारी वा कर्मचारीको लागि गरिने उपदान खर्चको समावेश गरिन्छ। |
| 27313 | सेवा निवृत्तको सञ्चित विदा | यसमा सेवा निवृत्त पदाधिकारी वा कर्मचारीको लागि गरिने सञ्चित बिदाको खर्च समावेश गरिन्छ। |
| 27314 | सेवा निवृत्तको औषधि उपचार | यसमा सेवा निवृत्त पदाधिकारी वा कर्मचारीको लागि गरिने औषधि उपचार खर्च समावेश गरिन्छ। |
| 27315 | मृतक कर्मचारीको सुविधा तथा सहायता | यसमा मृतक कर्मचारीको सुविधा तथा निजको परिवारलाई उपलब्ध गराइने सुविधा, मृतक कर्मचारीको परिवारलाई उपलब्ध गराएको सहायता वापत्को रकम क.सं. कोषलाई सोधभर्ना तथा मृतक कर्मचारीलाई सरकारको तर्फबाट दिइएको थप रकम समावेश गरिन्छ। |
| **28000** | **अन्य खर्च** | **यसमा सरकारको तर्फबाट गरिने सबै प्रकारका फिर्ता खर्चहरु तथा जग्गा भाडा समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **28100** | **सम्पत्तिसम्बन्धी खर्च** | **यस अन्तर्गत व्याज बाहेकको सम्पत्तिसम्बन्धी खर्चहरु समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **28140** | **भाडा** | **यसमा सरकारी प्रयोजनका लागि भाडामा लिइएको जग्गा, भवन, गोदाम जस्ता पुँजीगत सम्पत्तिको भाडा समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 28141 | जग्गाको भाडा | यसमा सरकारी प्रयोजनका लागि जग्गा भाडामा लिई प्रयोग गरे वापत् जग्गा धनीलाई भुक्तानी गर्नुपर्ने भाडा वा बालीनालीको क्षतिपूर्ती वापत्को खर्च समावेश गरिन्छ। |
| 28142 | घर भाडा | यसमा कार्यालय तथा गोदाम प्रयोजनका लागि तथा सरकारी पदाधिकारीहरुलाई दिइने आवास सुविधाको लागि लिइएको घर भाडा वापतको रकम समावेश गरिन्छ। |
| 28143 | सवारी साधन तथा मेशिनरी औजार भाडा | यसमा सरकारी प्रयोजनका लागि सवारी साधन, मेशिनरी औजार लगायत अन्य पुँजीगत सम्पत्ति भाडामा लिई प्रयोग गरे वापतको भाडा खर्च पर्दछ। तर सार्वजनिक निर्माण कार्यका लागि लिइएको भाडाको रकम भने सम्बन्धित पुँजीगत खर्च रकममै समावेश गरिन्छ। |
| 28149 | अन्य भाडा | माथि उल्लेखित बाहेकका अन्य प्रयोजनमा तिर्नुपर्ने भाडा यसमा पर्दछ। |
| **28200** | **फिर्ता खर्च** | **यसमा सरकारको तर्फबाट गरिने सबै प्रकारका फिर्ता खर्चहरु समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **28210** | **फिर्ता खर्च** | **यसमा न्यायिक निर्णय अनुसार गरिनु पर्ने तथा भन्सार, लगायत अन्य सबै किसिमका करहरुसँग सम्बन्धित फिर्ता खर्चहरु समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 28211 | राजस्व फिर्ता | यसमा सरकारले फिर्ता गर्नुपर्ने भन्सार, कर, अन्तःशुल्क, मालपोत दण्ड जरिवाना र अन्य राजश्व फिर्ता खर्चहरु र |

| | | |
|---|---|---|
| | | प्रचलित कानून अनुसार दिइने राजस्व छुटको रकम समावेश गरिन्छ। |
| 28212 | न्यायिक फिर्ता | यसमा सरकारले न्यायिक निर्णय अनुसार गर्नुपर्ने फिर्ता खर्चहरु समावेश गरिन्छ। |
| 28219 | अन्य फिर्ता | यसमा सरकारले फिर्ता गर्नुपर्ने राजस्व तथा न्यायिक फिर्ता बाहेकका अन्य फिर्ता (वैदेशिक समेत) खर्चहरु समावेश गरिन्छ। |
| **28900** | **भैपरी आउने चालु खर्च** | **यो शिर्षक चालु खर्चको बजेट एकमुष्ट रूपमा प्रस्ताव गर्ने प्रयोजनका लागि मात्र व्यवस्था गरिएको हो। यसमा खर्च लेख्न मिल्दैन।** |
| **28910** | **भैपरी आउने चालु खर्च** | **यो शिर्षक चालु खर्चको बजेट एकमुष्ट रूपमा प्रस्ताव गर्ने प्रयोजनका लागि मात्र व्यवस्था गरिएको हो। यसमा खर्च लेख्न मिल्दैन।** |
| 28911 | भैपरी आउने चालु खर्च | चालु खर्चतर्फ बजेट तर्जुमा गर्ने सिलसिलामा यकिन रूपमा खर्चको प्रस्ताव गर्न नसकी किटानीसाथ खर्च शीर्षकमा रकम तोक्न सम्भव नभएको तर आगामी वर्षको खर्चमा समावेश गर्नुपर्ने प्रकारका रकमहरु बजेट तर्जुमा प्रयोजनका लागि मात्रै यस खर्च शीर्षकमा प्रस्ताव गर्न सकिनेछ। तर खर्च गर्दा बाँडफाँड गरी सम्बन्धित खर्च शीर्षक अन्तर्गत नै समावेश गरी खर्च गर्नुपर्दछ। यो खर्च शीर्षकबाट खर्च गर्ने गरी अख्तियारी, निकासा र खर्च लेख्न मिल्दैन। |
| **30000** | **सम्पत्ति तथा दायित्व** | **यसमा सरकारका सबै किसिमका सम्पत्ति प्राप्ती तथा स्थिर सम्पत्तिको निर्माणमा हुने खर्च रकम र सरकारको दायित्वमा रहेको खुद रकम समावेश हुन्छ।** |
| **31000** | **पूँजीगत खर्च** | **यसमा सरकारको सबै किसिमका पुँजीगत खर्चहरु समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **31100** | **स्थिर सम्पत्ति प्राप्ति खर्च** | **यसमा सरकारको सबै किसिमका पुँजीगत खर्चहरु समावेश गरिन्छ। कार्य सम्पन्न भएपछि सम्बन्धित शीर्षकमा निर्मित सम्पत्तीलाई पूँजीकृत गर्नुपर्दछ। यसमा खर्च लेख्न मिल्दैन।** |
| **31110** | **भवन तथा संरचना** | **यसमा भवन खरीद वा निर्माणसँग सम्बन्धी पुँजीगत खर्चहरु समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 31111 | भवन खरीद | यसमा निर्मित भवन खरिद गर्दाको खर्च समावेश हुन्छ। भवन खरिद गर्दा सो भवन तथा भवनले ओगटेको जग्गा, कम्पाउण्ड लगायतका अन्य संरचनागत खर्च (जग्गा, फर्निचर र फिक्चर्स आदि) को लागत छुट्याउन सक्ने भएमा सम्बन्धित खर्च शीर्षकमै रकम व्यवस्था गरी खर्च लेख्नु पर्दछ। खरिद गर्दाको भवन तथा सो भवनले रहेको जग्गा र कम्पाउण्ड समेतको खरिद लागेको खर्च यसमा समावेश गरिन्छ। |

| | | |
|---|---|---|
| 31112 | भवन निर्माण | यसमा कार्यालय भवन, आवास भवन, भवन तथा जग्गाको कम्पाउण्ड वाल निर्माण, गोठ र टहरा जस्ता भवनजन्य संरचनाको निर्माण गर्न लाग्ने खर्चहरुको साथै भइरहेको भवनमा कोठा वा तला थप गर्दा हुने खर्च समावेश गर्नुपर्दछ। |
| 31113 | निर्मित भवनको संरचनात्मक सुधार खर्च | यसमा भइरहेको भवनसम्बन्धी संरचनाको आयु थप हुने गरि गरिने पूँजीगत प्रकृतिको खर्च समावेश गर्नुपर्दछ। |
| 31114 | जग्गा विकास कार्य | यसमा जग्गा विकास कार्य सम्बन्धी लागत खर्चको साथै सो कार्य सँग प्रत्यक्ष सम्बन्धीत अन्य रकमहरु समावेश गर्नुपर्दछ। |
| 31115 | फर्निचर तथा फिक्चर्स | यसमा सरकारी कार्यालयको प्रयोजनका लागि खरीद गरिएका फर्नीचर, फर्निसिंग तथा फिक्चर्सको (क) खरिद मोल (ख) यससम्बन्धी ढुवानी भाडा, मार्गस्थ बीमा, कर, भन्सारसम्बन्धी खर्चहरु समावेश गरिन्छ। |
| **31120** | **सवारी साधन तथा मेशिनरी औजार** | **यसमा सवारी साधन तथा मेशिनरी औजार खरीद सम्बन्धी खर्चहरु समावेश गरिन्छ। यसमा खर्च लेख्न मिल्दैन।** |
| 31121 | सवारी साधन | यसमा (क) सवारीका साधनहरु (जस्तै जीप, मोटरकार, बस, ट्रक, मोटरसाइकल, स्कुटर, साइकल, ढुवानीसम्बन्धी काम गर्ने ट्रयाक्टर, गाडा तान्ने जनावरहरु : वयल र घोडा आदि) को मोल, (ख) सवारी साधनको इन्जीन नै बदली मर्मत गरेमा सोको मोल,<br>(ग) सवारी साधन वा इन्जीन झिकाउँदा लागेको भाडा भरौट, कर, भन्सार, मार्गस्थ बीमा र (घ) हवाई यातायातका साधन ( हवाईजहाज हेलिकप्टर आदि) र तिनका मेशीनरी कम्पोनेन्ट खरीद आदि खर्चहरु समावेश गरिन्छ। |
| 31122 | मेशीनरी तथा औजार | यसमा एक वर्ष भन्दा बढी आयू भएका सवारी साधन बाहेकको मेशिनरी औजारहरुको खरिदको लाग भएका<br>(क) विभिन्न किसिमका भारी मेशीनहरु, खेतीसम्बन्धी मेशीन र औजारहरु, ट्याक्टर (ढुवानीको काममा प्रयोग हुने बाहेक), जेनेरेटर, ट्रान्सफरमर, कारखानाको सामान, निर्माणसम्बन्धी मेशीन, सञ्चारका सामान, वैज्ञानि यन्त्र र सामान, नाप तथा तौलको सामान, तस्वीर खिच्ने सामान, प्राविधिक ड्राफ्टीङ्गसम्बन्धी सामान, कार्यालय मेशीन र औजारहरु जस्तै फ्याक्स, मिमिओग्राफ, कम्प्यूटर, प्रिन्टर आदि मेशीन र औजारको मूल्य।<br>(ख) यस्ता मेशीनरी औजारहरुको मुख्य भाव नै बदली मर्मत गर्नुपरेमा सोको खर्च। |

| | | |
|---|---|---|
| | | (ग) सो सम्बन्धी आवश्यक भाडा भरौटा, शुल्क, कर, भन्सार, मार्गस्थ बीमा आदि खर्चहरु ।<br>(घ) सरकारी कार्यालयको लागि आवश्यक पर्ने एक वर्ष भन्दा बढी टिकाउ हुन सक्ने वा प्रति इकाइ रु. ५,००० ।- भन्दा बढी मोल पर्ने खालका देहायका सामानको मूल्य :<br>(अ) अस्पतालका लागि चाहिने औजारहरु<br>(आ) कृषि औजार, पशु चिकित्सासम्बन्धी सानातिना मालसामान, ड्इङ्ग, डिजाइन लगायतका प्राविधिक सामान आदि<br>(इ) हिटर, पंखा, बिजुलीको मिटर, यु.पि.एस. हार्ड डिस्क र सोको जडानसम्बन्धी खर्च र अन्य सानातिना प्राविधिक सामानहरु सम्बन्धी खर्च समावेश हुन्छ। तर प्रति ईकाई ५,००० । रुपैंया भन्दा कम मुल्यका सामान खरीद गर्नुपरेमा शिर्षक नम्बर "कार्यालय सम्बन्धी खर्च" मा खर्च लेख्नु पर्नेछ । |
| **31130** | **अन्य पूँजीगत खर्च** | **यसमा अन्य पूँजीगत खर्चहरु समावेश हुन्छन् ।** |
| 31131 | पशुधन तथा बागवानी विकास खर्च | व्यावसायिक रुपले एक भन्दा बढी पटक उत्पादन प्राप्त गर्न सक्ने गरी जीवित पशु पंक्षी पालन गर्ने (प्रजनन, दुग्ध उत्पादन, पशु यातायात) तथा अन्य व्यावसायिक कृषि तथा वनस्पति विकास (फलफूल, बिउ विजन, खोटो, पात, दोहोरिने नगदे बाली) आदिको लागि गरिने स्थिर प्रकृतिको खर्च यसमा पर्दछ । |
| 31132 | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च एवं अन्य बौद्धिक सम्पत्ती प्राप्ति खर्च | यसमा सबै प्रकारका सफ्टवेयर निर्माण (परामर्शदाताको खर्च समेत) खरीद र सारभूत रुपमा प्रभाव पार्ने गरी सफ्टवेरमा स्तरोन्नति गर्दाको लागत तथा डाटावेश सम्बन्धी खर्च समावेश गरिन्छ। बौद्धिक सम्पत्ति अधिकार, अनुसन्धान र विकास, मनोरन्जनात्मक तथा साहित्यिक र कलात्मक कार्यमा गरिने पूँजीगत प्रकृतिको खर्च । |
| **31140** | **सुरक्षा उपकरण** | **यसमा सार्वजनिक सुरक्षाका लागि आवश्यक उपकरण सम्बन्धी खर्च समावेश हुन्छ ।** |
| **31150** | **सार्वजनिक निर्माण** | **यसमा सार्वजनिक निर्माणसँग सम्बन्धित खर्चहरु समावेश हुन्छन् ।** |
| 31151 | सडक तथा पूल निर्माण | यसमा नयाँ तथा पूराना कालोपत्रे, खण्डास्मिथ वा ग्राभेल र कच्ची सडक निर्माण सम्बन्धी खर्च र सडक निर्माणसँग प्रत्यक्ष जोडिएका सम्बन्धित पूल, रज्जुमार्ग (रोपवे),कल्भर्ट, झोलुङ्गे पुल, ट्रेल पूल, निर्माण र सो सँग सम्बन्धित इन्धन, सुरक्षा घेरा |

| | | |
|---|---|---|
| | | निर्माण लगायतका खर्चहरु समावेश हुन्छन् । |
| 31152 | रेलमार्ग तथा हवाई मैदान निर्माण | यसमा रेलमार्ग तथा हवाई मैदान निर्माणसँग सम्बन्धित खर्च र सो कार्यसँग प्रत्यक्ष सम्बन्धित इन्धन, सुरक्षा घेरा निर्माण लगायतका खर्चहरु समावेश हुन्छन् । |
| 31153 | विद्युत संरचना निर्माण | यसमा विद्युत गृह निर्माण, प्रशारण तथा वितरण प्रणाली निर्माण लगायत विद्युत विकाससँग सम्बन्धित लागत खर्च र सो सँग प्रत्यक्ष सम्बन्धित इन्धन, सुरक्षा लगायत अन्य समावेश हुन्छन् । |
| 31154 | तटबन्ध तथा बाँध निर्माण | यसमा नदि नियन्त्रणका लागि निर्माण गरिने तटबन्ध, बाँध तथा भूसंरक्षणका लागि निर्माण गरिने टेवा पर्खाल निर्माण लगायत सो सँग प्रत्यक्ष सम्बन्धित खर्चहरु समावेश हुन्छन् । |
| 31155 | सिंचाई संरचना निर्माण | यसमा सिंचाईका लागि निर्माण गरिने बाँध, नहर, कुलो,पैनी, स्यालो तथा डीप ट्युवेल र सो सँग प्रत्यक्ष सम्बन्धित अध्ययन, अनुसन्धान, इन्धन, सुरक्षा लगायतका खर्चहरु समावेश हुन्छन् । |
| 31156 | खानेपानी संरचना निर्माण | यसमा खानेपानीका लागी रिजर्भ्वायर निर्माण, प्रशोधन तथा वितरण प्रणाली निर्माण, पाइप विच्छयाउने, पानीटेंकी निर्माण, बोरिङ्ग लगायत सो सँग प्रत्यक्ष सम्बन्धित, इन्धन, सुरक्षा लगायतका खर्चहरु समावेश हुन्छन् । |
| 31157 | वन तथा वातावरण संरक्षण | यसमा नर्सरी स्थापना, वृक्षारोपण, ग्रिन हाउस तथा शेड निर्माण, वायोइन्जिनियरिङ्ग तथा वातावरण संरक्षणसँग सम्बन्धित खर्चहरु समावेश गरिन्छ । |
| 31158 | सरसफाई संरचना निर्माण | यसमा ढल निकास, सफाई नाला, फोहोरमैला प्रशोधन केन्द्र, डम्पिङ्ग साइट निर्माण तथा सरसफाई सँग सम्बन्धित अन्य पूर्वाधार निर्माण सँग सम्बन्धित खर्चहरु समावेश गरिन्छ । |
| 31159 | अन्य सार्वजनिक निर्माण | माथि ३११५१ देखि ३११५८ सम्म नपरेका अन्य सार्वजनिक निर्माणसँग सम्बन्धित खर्चहरु यसमा समावेश गर्नुपर्दछ । |
| **31170** | **पुँजीगत सुधार खर्च** | **यसमा सार्वजनिक निर्माण र पुँजीगत संरचनाको आयु थप हुने गरी गरिने खर्चहरु समावेश गरिन्छ ।** |
| 31171 | पुँजीगत सुधार खर्च सार्वजनिक निर्माण | यसमा सार्वजनिक निर्माण र पुँजीगत संरचनाको आयु थप हुने गरी गरिने खर्चहरु समावेश गरिन्छ । तर संरचनाको आकार वा लम्बाई वा परिमाण नै थप गर्न लाग्ने पुँजीगत निर्माणसम्बन्धी खर्च रकम संकेत नं ३११५१ देखि ३११५९ सम्मका खर्च शिर्षकमै समावेश गर्नु पर्दछ । उदाहरणको लागि ५० किलोमिटर लामो विद्यमान सडकमा अरु १० किलोमिटर थप गर्नुपर्ने भएमा त्यस्तो कार्य गर्न लाग्ने खर्च भने रकम संकेत ३११५१ मा नै समावेश गर्नुपर्दछ । |
| 31172 | पुँजीगत अनुसन्धान | यसमा सार्वजनिक निर्माण सँग सम्बन्धित (क) सम्भाव्यता अध्ययन खर्च (ख) सर्वेक्षण, डिजाइन, ड्रइङ्ग खर्च (ग) अन्वेषण |

| | | |
|---|---|---|
| | तथा परामर्श | उत्खनन र अनुसन्धान सम्बन्धी खर्च (घ) पुँजीगत निर्माणको लागतमा समावेश हुने प्राविधिक परामर्श सेवासम्बन्धी खर्च तथा पूँजीगत प्रकृतिका अध्ययन, अनुसन्धान तथा परामर्श खर्चहरु समावेश हुन्छन् । |
| **31400** | **प्राकृतिक सम्पत्ति (Non-produced assets)** | **यसमा प्राकृतिक रूपमा उपलब्ध सम्पत्तीहरु प्राप्ति सम्बन्धी खर्चहरु समावेश हुन्छन् । यसमा खर्च लेख्न मिल्दैन ।** |
| **31410** | **जग्गा प्राप्ति** | **यसमा सरकारी प्रयोजनका लागि जग्गा खरीद वा अधिग्रहण गर्दा लाग्ने सम्पूर्ण किसिमका खर्चहरु समावेश गरिन्छ । यसमा खर्च लेख्न मिल्दैन ।** |
| 31411 | जग्गा प्राप्ति | यसमा जग्गा खरीद वा अधिग्रहण गर्ने सिलसिलामा लाग्ने मोल र सो वापत्को मुआब्जा तथा जग्गा प्राप्त गर्दा लाग्ने दस्तुर, कर र अन्य खर्चहरु यस शीर्षकमा समावेश गरिन्छ । |
| **31440** | **अपृष्य सम्पत्ती प्राप्ती खर्च** | **यसमा उपयोगमा आउने तर नदेखिने प्रकारका सम्पत्ती प्राप्तिमा हुने खर्चहरु समावेश हुन्छन् । यसमा खर्च लेख्न मिल्दैन ।** |
| 31441 | लाईसेन्स खरिद/प्राप्ती खर्च | सम्झौता अनुसार भुक्तानी गर्नुपर्ने पुँजीगत प्रकृतिको लाइसेन्स खरिद, नवीकरण वा भुक्तानी सम्बन्धी खर्च तथा अन्य अपृष्य (intangible)अनुमति सम्बन्धी खर्चहरु यसमा समावेश गर्नुपर्दछ । |
| **31500** | **भैपरी आउने पूँजीगत** | **यसमा पुँजीगत खर्चको बजेट एकमुष्ट रूपमा प्रस्ताव गर्ने प्रयोजनका लागि मात्र यो शीर्षकको प्रस्ताव गरिएको हो यसमा खर्च लेख्न मिल्दैन ।** |
| 31511 | भैपरी आउने-पुँजीगत | पुँजीगत खर्च बजेट तर्जुमा गर्दा किटानीसाथ खर्च शीर्षकमा तोक्न सम्भव नभएका रकमहरु बजेट तर्जुमा प्रयोजनका लागि मात्रै यसमा प्रस्ताव गर्न सकिनेछ । तर खर्च गर्दा बाँडफाँड गरी सम्बन्धीत खर्च शीर्षक अन्तर्गत नै पारी खर्च गर्नु पर्दछ । यस शिर्षकबाट खर्च गर्ने गरी अख्तियारी वा निकासा दिन वा खर्च गर्न मिल्दैन । |
| **32000** | **वित्तीय सम्पत्ति** | **यस अन्तर्गतका संकेतहरुले सरकारी ऋण तथा लगानीको साथै स्वदेशी तथा वैदेशिक ऋण प्राप्ति र ऋणको सावाँ भुक्तानीको अवस्थालाई चित्रण गर्दछ ।** |
| **32100** | **आन्तरिक वित्तीय सम्पत्ति** | **यसमा तीनै तहका सरकारबाट गरिने आन्तरिक वित्तीय सम्पत्तिका लागि, देशभित्रै हुने ऋण तथा शेयर लगानीसम्बन्धी रकम समावेश गरिन्छ ।** |

| | | |
|---|---|---|
| **32120** | **नगद तथा मौज्दात** | **गत वर्षको नगद मौज्दात दाखिला यसमा समावेश हुन्छ। यसमा रकम जम्मा गर्न मिल्दैन।** |
| 32121 | गत वर्षको नगद मौज्दात | गत वर्षको नगद मौज्दात यस शीर्षकमा दाखिला गर्नुपर्दछ। |
| **32140** | **खूद ऋण लगानी** | **यसमा तीनै तहका सरकारले देशभित्र गर्ने ऋण लगानीमा सरकारले विगतमा गरेको ऋण लगानीहरुबाट सावाँ फिर्ता प्राप्त रकम समायोजन गर्दा हुन आउने खुद अंक उल्लेख गरिन्छ।** |
| 32141 | आन्तरिक ऋण लगानी | आन्तरिक रूपमा अन्य सरकारलाई प्रदान गरिने ऋण यसमा पर्दछन्। |
| 32142 | सार्वजनिक संस्थानमा ऋण लगानी | आन्तरिक रूपमा सार्वजनिक संस्थानहरुलाई प्रदान गरिने ऋण यसमा समावेश गरिन्छ। |
| 32143 | अन्य संस्थामा ऋण लगानी | माथि उल्लेख भए बाहेकका अन्य ऋण लगानी यसमा पर्दछन्। |
| 32147 | आन्तरिक ऋण लगानी फिर्ता (-) | आन्तरिक रूपमा अन्य सरकारलाई प्रदान ऋणको साँवा फिर्ता यसमा पर्दछन्। |
| 32148 | संस्थानबाट ऋण लगानी फिर्ता (-) | आन्तरिक रूपमा सार्वजनिक संस्थानहरुलाई प्रदान ऋणको साँवा फिर्ता यसमा पर्दछन्। |
| 32149 | अन्य संस्थाबाट ऋण लगानी फिर्ता (-) | माथि उल्लेख भए बाहेकका अन्य ऋणको साँवा फिर्ता यसमा पर्दछन्। |
| **32150** | **खुद शेयर लगानी** | **सरकारले विभिन्न संस्थामा गरेको शेयर लगानीको खुद रकम यसमा समावेश हुन्छ।** |
| 32151 | संस्थानमा शेयर लगानी | संस्थानमा गरिएको शेयर लगानी यसमा पर्दछ। |
| 32152 | अन्य संस्थामा शेयर लगानी | अन्य संस्थामा गरिएको शेयर लगानी यसमा पर्दछ। |
| 32156 | संस्थानमा शेयर लगानी फिर्ता (-) | संस्थानमा गरिएको शेयर लगानी फिर्ता यसमा पर्दछ। |
| 32157 | संस्थानमा शेयर लगानी बिक्रि (-) | संस्थानमा गरिएको शेयर लगानी बिक्रि रकम यसमा पर्दछ। |
| 32158 | अन्य संस्थामा शेयर लगानी | अन्य संस्थानमा गरिएको शेयर लगानी फिर्ता यसमा पर्दछ। |

| | | |
|---|---|---|
| | फिर्ता (-) | |
| 32159 | अन्य संस्थामा शेयर लगानी बिक्रि (-) | अन्य संस्थानमा गरिएको शेयर लगानी बिक्रि रकम यसमा पर्दछ । |
| **32200** | **बाह्य वित्तीय सम्पत्ति** | **बाह्य वित्तीय सम्पत्ती यसमा समावेश हुन्छ ।** |
| **33000** | **दायित्व** | **सरकारको आन्तरिक तथा बाह्य वित्तीय दायित्व सम्बन्धी प्राप्ती यसमा समावेश हुन्छ ।** |
| **33100** | **आन्तरिक दायित्व** | **यसमा सरकारका सबै किसिमका आन्तरिक दायित्वको रकम समावेश गरिन्छ ।** |
| **33150** | **बाँडफाँड हुने रोयल्टी, शुल्क, रजिष्ट्रेशन तथा अन्य प्रशासनिक सेवा शुल्क** | **यसमा सरकारका विभिन्न तहहरुबीच बाँडफाँड हुने रोयल्टी, शुल्क, रजिष्ट्रेशन तथा अन्य राजस्वको संकलित रकम समावेश हुन्छ ।** |
| 33151 | वन रोयल्टी संकलन | वन तथा वन पैदावार बिक्री वापत प्राप्त आय, लकडी लिलाम बिक्री, वन्यजन्तुसम्बन्धी आम्दानी, चरी चराई दस्तुर, वन्यजन्तु आरक्ष, निकुन्ज संरक्षण क्षेत्रको प्रवेश शुल्क, चिडियाखाना प्रवेश शुल्क, वनस्पतिसम्बन्धी अन्य आम्दानी, नहर वरिपरिको घाँस विक्रि र सो सम्बन्धी दण्ड, जरिवाना वापत आदिबाट प्राप्त रकम र वन क्षेत्रको रोयल्टी यसमा पर्दछ । |
| 33152 | खानी रोयल्टी संकलन | खानी खोद्रे अनुमतिपत्र दस्तुर, आयोजना (प्रोजेक्ट) लाई ढुंगा बिक्रि गर्दा आएको रकम, खानीको रोयल्टी, खानीमा जाने गाडी तथा गाडी आवत जावतको इजाजतपत्र वापत प्राप्त हुने रकम यसमा पर्दछ । |
| 33153 | जलस्रोत रोयल्टी संकलन | जलस्रोत क्षेत्रबाट प्राप्त रोयल्टी, विद्युत उत्पादन शुल्क, विद्युत उत्पादन इजाजत-पत्र दस्तुर र नवीकरण दस्तुर विद्युत उत्पादन, प्रसारण र वितरणको सर्वेक्षण अनुमति पत्र दस्तुर तथा सोको नवीकरण दस्तुर, विद्युत बिक्रि, आयोजना बिक्रि, जलश्रोतसम्बन्धी सम्पुर्ण आय र सो सम्बन्धी दण्ड जरिवाना वापत प्राप्त रकम यसमा पर्दछ । |
| 33154 | पर्वतारोहण रोयल्टी संकलन | पर्वतारोहण इजाजत वापत प्राप्त हुने रोयल्टी रकम यसमा समावेश गर्नुपर्दछ । |
| 33155 | पदयात्रा रोयल्टी संकलन | पदयात्रा (ट्रेकिङ्ग) इजाजत वापत प्राप्त हुने दस्तुर/रोयल्टी रकम यसमा समावेश गर्नुपर्दछ । |

| | | |
|---|---|---|
| 33156 | पर्यटन सेवा शुल्क/रोयल्टी संकलन | पर्यटकले लिएर आएको हातहतियारको अस्थायी अनुमति( लाइसेन्स) दस्तुर, वृत्तचित्र खिच्ने दस्तुर, चलचित्र निर्माण र खिच्ने शुल्क लगायतका अन्य पर्यटन सम्बन्धी सेवा शूल्कबाट प्राप्त हुने रोयल्टी रकम यसमा समावेश गर्नुपर्दछ। |
| 33157 | घरजग्गा रजिष्ट्रेशन दस्तुर संकलन | सरकारका तहहरुबीच बाँडफाँड हुने गरी निर्धारित घरजग्गा रजिष्ट्रेशन शुल्क यसमा समावेश हुन्छ। |
| 33158 | सवारी साधन कर संकलन | सरकारका तहहरुबीच बाँडफाँड हुने गरी तोकिएको सवारी साधनमा लाग्ने कर तथा शुल्क यसमा समावेश हुन्छ। |
| **33160** | **रोयल्टी, शुल्क, रजिष्ट्रेशन तथा अन्य प्रशासनिक सेवा शुल्क बाँडफाँड** | **यसमा सरकारका विभिन्न तहहरुबीच बाँडफाँड भएको रोयल्टी, शुल्क, रजिष्ट्रेशन तथा अन्य राजस्वको रकम समावेश हुन्छ।** |
| 33161 | वन रोयल्टी बाँडफाँड | वन क्षेत्रबाट प्राप्त हुने रोयल्टी बाँडफाँड गरीएको रकम यसमा समावेश गर्नुपर्दछ। |
| 33162 | खानी रोयल्टी बाँडफाँड | खानी क्षेत्रबाट प्राप्त हुने रोयल्टी बाँडफाँड गरीएको रकम यसमा समावेश गर्नुपर्दछ। |
| 33163 | जलस्रोत रोयल्टी बाँडफाँड | जलस्रोत क्षेत्रबाट प्राप्त हुने रोयल्टी बाँडफाँड गरीएको रकम यसमा समावेश गर्नुपर्दछ। |
| 33164 | पर्वतारोहण रोयल्टी बाँडफाँड | पर्वतारोहणबाट प्राप्त हुने रोयल्टी बाँडफाँड गरीएको रकम यसमा समावेश गर्नुपर्दछ। |
| 33165 | पदयात्रा रोयल्टी बाँडफाँड | पदयात्राबाट प्राप्त हुने रोयल्टी बाँडफाँड गरीएको रकम यसमा समावेश गर्नुपर्दछ। |
| 33166 | पर्यटन सेवा शुल्क रोयल्टी बाँडफाँड | पर्यटन सेवा शुल्कबाट प्राप्त हुने रोयल्टी बाँडफाँड गरीएको रकम यसमा समावेश गर्नुपर्दछ। |
| 33167 | घरजग्गा रजिष्ट्रेशन दस्तुर बाँडफाँड | सरकारका तहहरुबीच बाँडफाँड हुने गरी संकलित घरजग्गा रजिष्ट्रेशन शुल्कको बाँडफाँड हुने रकम यसमा समावेश हुन्छ। |
| 33168 | सवारी साधन कर बाँडफाँड | सरकारका तहहरुबीच बाँडफाँड हुने गरी तोकिएको सवारी साधनमा लागेको कर बाँडफाँड हुने रकम यसमा समावेश हुन्छ। |

| | | |
|---|---|---|
| **33190** | **खूद आन्तरिक ऋण** | **यसमा संघीय सरकारले गरेको आन्तरिक ऋण प्राप्ती र आन्तरिक ऋणको सावाँ भुक्तानीको खुद रकम समावेश गरिन्छ ।** |
| 33191 | ऋणपत्र मार्फत प्राप्त ऋण | यसमा ट्रेजरी बिल, बचत ऋणपत्र लगायतका विभिन्न ऋणपत्रहरु मार्फत प्राप्त ऋण यसमा पर्दछ । |
| 33192 | अन्य आन्तरिक सरकारबाट प्राप्त ऋण | यसमा आन्तरिक रूपमा अन्य सरकारबाट प्राप्त ऋण पर्दछ । |
| 33193 | अन्य संस्थाहरुबाट ऋण प्राप्ति | यसमा आन्तरिक रूपमा विभिन्न वित्तीय तथा अन्य संस्थाहरुबाट प्राप्त ऋण पर्दछ । |
| 33194 | अधिविकर्ष (Overdraft) | यसमा अधिविकर्षका माध्यमद्वारा प्राप्त छोटो समयको ऋण यसमा पर्दछ । |
| 33195 | ऋणपत्र मार्फत प्राप्त ऋण साँवा भुक्तानी | यसमा ट्रेजरी बिल, बचत ऋणपत्र, विकास ऋणपत्र लगायतका विभिन्न ऋणपत्रहरुमार्फत प्राप्त ऋण साँवा भुक्तानी यसमा पर्दछ । |
| 33196 | अन्य आन्तरिक सरकारबाट प्राप्त ऋण साँवा भुक्तानी | यसमा आन्तरिक रूपमा अन्य सरकारबाट प्राप्त ऋण साँवा भुक्तानी पर्दछ । |
| 33197 | अन्य संस्थाहरुबाट ऋण प्राप्ति साँवा भुक्तानी | यसमा आन्तरिक रूपमा विभिन्न वित्तीय तथा अन्य संस्थाहरुबाट प्राप्त ऋण साँवा भुक्तानी पर्दछ । |
| 33198 | अधिविकर्ष भुक्तानी | यसमा अधिविकर्षका माध्यमद्वारा प्राप्त छोटो समयको ऋण भुक्तानी यसमा पर्दछ । |
| **33200** | **बाह्य वित्तीय दायित्व** | **यसमा सरकारको बाह्य वित्तीय दायित्वको रकम समावेश हुन्छ ।** |
| **33240** | **खूद वैदेशिक ऋण** | **यसमा सरकारको खुद वैदेशिक ऋण रकम समावेश हुन्छ ।** |
| 33241 | वैदेशिक ऋणको प्राप्ति | यसमा वैदेशिक स्रोतबाट प्राप्त गरिने ऋण समावेश गरिन्छ । |
| 33242 | वैदेशिक ऋण साँवा भुक्तानी (-) | यसमा वैदेशिक स्रोतबाट प्राप्त गरिने ऋणको साँवा भुक्तानी समावेश गरिन्छ । |

***द्रष्टव्य :***

(१) अर्थ मन्त्रालय विविध बजेटबाट निकासा भएका रकमहरु जुन जुन बजेट खर्च शीर्षक (Line Item)मा खर्च हुने हुन्, सोही खर्च शीर्षकमा आम्दानी र खर्च जनाउनु पर्नेछ ।

(२) अर्थ विविधबाट विशेष कामको लागि छुट्याइएका रकमहरुबाट थप निकासा भएको रकमको सम्बन्धित बजेट रकममा बाँडफाँड गरि खर्च लेख्दा स्वीकृत कामको लागि मात्र खर्च गर्न सकिनेछ र यस्तो खर्चको हिसाब खर्चको फाँटवारीमा छुट्टै देखिने गरी राख्नु पर्दछ ।

(३) नेपाल सरकारले गर्ने कुनै पनि खर्चहरु माथि उल्लेखित भैपरी आउने बाहेकको बजेट खर्च शीर्षकहरु (Line Item)बाट मात्र गर्न सकिनेछ । उपरोक्त खर्च शीर्षकहरुमा नपारी कुनै पनि खर्च लेख्न पाइने छैन । भैपरी आउने शीर्षकमा विनियोजित बजेट अर्थ मन्त्रालयको स्वीकृतिमा अन्य शीर्षकहरुमा बाँडफाँड गरेपछि मात्र निकासा दिन र खर्च गर्न सकिन्छ ।

**खर्च शीर्षकमा संशोधन**

१. प्रचलनमा रहेका खर्च शीर्षकको संशोधन गर्नु परेमा महालेखा नियन्त्रक कार्यालयको परामर्श लिई सोलाई महालेखा परीक्षकको कार्यालयमा स्वीकृति गराई लागु गर्नु पर्दछ । खर्च शीर्षक वर्गीकरणको मुख्य आधार अन्तर्राष्ट्रिय मुद्रा कोषको Government Finance Statistics Manualहुनेछ ।

२. कुल व्ययको एक प्रतिशत भन्दा बढी खर्च हुने कामका लागि वा बजेट अनुशासन कायम राख्न वा पारदर्शिताको हिसाबले छुट्टै देखाउने पर्ने महत्वपूर्ण कार्यक्रमका लागि मात्र नयाँ खर्च शीर्षक दिइनेछ ।

३. नयाँ खर्च शीर्षक दिँदा वा खर्च शीर्षकमा संशोधन गर्दा आर्थिक वर्षको बीचमा लागु हुने गरी गर्नु हुदैन । आगामी बजेट तर्जुमाका बखत नयाँ खर्च शीर्षक थप वा संशोधन गर्नु पर्दछ ।

# अनुसूची २

# सार्वजनिक खरिद प्रक्रिया

## १. खरिद योजना

- प्रत्येक सार्वजनिक निकायले वार्षिक १० लाख रूपैया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा सार्वजनिक खरिद नियमावलीको नियम ८ बमोजिम वार्षिक खरिद योजना बनाउनु पर्छ ।

सार्वजनिक खरिद ३ किसिमका हुन्छन :

(क) मालसामान खरिद

(ख) सेवा खरिद

(ग) निर्माण

## (क) मालसमान खरिद

### *(१) ५ लाख रूपैया सम्म मालसमान सोझै खरिद गर्न सकिने*

सोझै खरिद गर्दा निम्न अनुसार गर्ने :

(१) लागत अनुमान र सामानको स्पेसिफिकेसन तयार गर्ने (खरिद नियमावलीको नियम ११)

(२) (१) अनुसार तयार भएको लागत अनुमान स्वीकृत (खरिद नियमावलीको नियम १४)

(३) खरिद गर्दा कार्यालयमा सूचिकृत फर्म, कम्पनि वा संस्थासंग खरिद गर्ने (खरिद ऐनको दफा ६क)

(४) एक आ.व. मा सोझै खरिद एउटा फर्मसंग एक पटक मात्र खरिद गर्ने ( खरिद नियमावलीको नियम ८५(१)ख )

(५) सामान्यतः सोझै खरिद गर्दा सामान स्पेसिफिकेसन अनुसार भए नभएको परीक्षण गर्ने

## *(२) २० लाख रूपैया सम्मको मालसमान दरभाउपत्रबाट खरिद गर्ने*

दरभाउपत्रबाट खरिद गर्दा निम्न अनुसार गर्ने :

(१) लागत अनुमान र मालसामानको स्पेसिफिकेसन तयार गर्ने (खरिद नियमावलीको नियम ११ )

(२) (१) अनुसार तयार भएको लागत अनुमान स्वीकृत (खरिद नियमावलीको नियम १४)

(३) लागत अनुमान र सामानको स्पेसिफिकेसन स्वीकृत भए पछि कम्तिमा १५ दिनको सूचना दिई राष्ट्रिय पत्रिकामार्फत दरभाउपत्रमाग गर्ने (खरिद ऐनको दफा ४०(३))

(४) रीत पूर्वक पर्न आएका प्रस्ताव सूचनामा तोकिए अनुसार सरकारी प्रतिनिधिको रोहवरमा खोली त्यसको रीतपूर्वक मुचुल्का गर्ने

(५) नं. (४) अनुसारको मुचुल्का सहितका दरभाउपत्र मूल्याङ्कन गर्न मूल्याङ्कन समितिमा पठाउने ( खरिद नियमावलीको नियम १४७ )

(६) मूल्याङ्कन समितिले पेश भएका सबै दरभाउपत्रको अनुसूचि २ बमोजिमको तुलनात्मक तालिका तयार गर्ने

(७) मूल्याङ्कन समितिले पेश भएका प्रस्तावको कानूनी,प्राविधिक र आर्थिक पक्षको मूल्याङ्कन गरी सबै भन्दा उपयुक्त प्रस्ताव स्वीकृत गर्न सार्वजनिक निकाय प्रमुख समक्ष सिफारिस गर्ने

(८) सार्वजनिक निकायको प्रमुखले उपयुक्त देखिएको अर्थात नं. (७) बमोजिम सिफारिस भएको प्रस्ताव स्वीकृत गर्ने आशय सहितको सूचना सम्बन्धित सबैको जानकारीको लागि पत्रपत्रिकामा ७ दिनको म्याद दिएर प्रकाशन गर्ने

(९) आशयको सूचनाको म्याद समाप्त भए पछि नियमावलीको नियम ... बमोजिम दरभाउपत्र स्वीकृत गरी खरिद गर्ने

### *(३) २० लाख रूपैया भन्दामाथिको मालसमान बोलपत्रको माध्यमबाट खरिद गर्ने*

यसरी खरिद गर्दा निम्न प्रकृया अवलम्बन गरिनु पर्छ :

(१) लागत अनुमान र सामानको स्पेसिफिकेसन तयार गर्ने (खरिद नियमावलीकोनियम ११)

(२) (१) अनुसार तयार भएको लागत अनुमान स्वीकृत (खरिद नियमावलीको नियम १४)

(३) लागत अनुमान र सामानको स्पेसिफिकेसन स्वीकृत भए पछि ३०दिनको सूचना दिई राष्ट्रीय पत्रिका मार्फत बोलपत्र माग गर्ने ( खरिद ऐनको दफा १४ (४) १ )

(४) रीत पूर्वक पर्न आएका बोलपत्र सूचनामा तोकिए अनुसार सरकारी प्रतिनिधिको रोहवरमा खोली त्यसको रीतपूर्वक मुचुल्का गर्ने

(५) नं. (४) अनुसारको मुचुल्का सहितका बोलपत्र मूल्याङ्कन गर्न मूल्याङ्कन समितिमा पठाउने (खरिद नियमावलीको नियम १४७ )

(६) मूल्याङ्कन समितिले पेश भएका सबै बोलपत्रको अनुसूचि २ बमोजिमको तुलनात्मक तालिका तयार गर्ने

(७) मूल्याङ्कन समितिले पेश भएकाबोलपत्रको कानूनी,प्राविधिक र आर्थिक पक्षको मूल्याङ्कन गरी सबै भन्दा उपयुक्तबोलपत्र स्वीकृत गर्न सार्वजनिक निकाय प्रमुख समक्ष सिफारिस गर्ने

(८) सार्वजनिक निकायको प्रमुखले उपयुक्त देखिएको अर्थात नं. (७) बमोजिम सिफारिस भएको बोलपत्र प्रस्ताव स्वीकृत गर्ने आशय सहितको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गर्ने

(९) आशयको सूचनाको म्याद समाप्त भए पछि नियमावलीको नियम ... बमोजिमबोलपत्र स्वीकृत गरी खरिद गर्ने

## (ख) परामर्श सेवा खरिद

### *(१) ५ लाख सम्म परामर्श सेवा सोझै खरिद गर्न सकिने*

सोझै निम्न खरिद गर्दा अनुसारका प्रकृया पूरा गर्ने :

(१) लागत अनुमान र कार्यक्षेत्रगत शर्त Termsof Reference (TOR) तयार गर्ने ( खरिद नियमावलीको नियम १२ )

(२) (१) अनुसार तयार भएको लागत अनुमान र TOR स्वीकृत ( खरिद नियमावलीको नियम १४ )

(३) खरिद गर्दा कार्यालयमा सूचिकृत व्यक्ति, फर्म, कम्पनि वा संस्थासंग खरिद गर्ने( खरिद ऐनको दफा ६क )

(४) एक आ.व. मा सोझै खरिद एउटा फर्मसंग एक पटक मात्र खरिद गर्ने ( खरिद नियमावलीको नियम ८५(१)ख)

### *(२) २० लाख सम्मको परामर्श सेवा खरिद गर्दा निम्न प्रकृया अवलम्वन गर्ने :*

(१) लागत अनुमान र कार्यक्षेत्रगत शर्त (Termsof reference(TOR) र प्रस्ताव मूल्यांकनका आधार (Evaluation Criteria ) तयार गर्ने ( खरिद नियमावलीको नियम १२ )

(२) (१) अनुसार तयार भएको लागत अनुमान, TOR र मूल्यांकनका आधार (Evaluation Criteria) स्वीकृत गर्ने ( खरिद नियमावलीको नियम १४ )

(३) दश लाख रूपैया भन्दा कम रकमको परामर्श सेवा खरिद गर्दा स्वीकृत ToR र लागत अनुमानको आधारमा खरिद ऐनको दफा ६क अनुसार सार्वजनिक निकायमा सूचिकृत भएका परामर्श सेवा प्रदायकसंग १५ दिनको म्याद दिएर खुला रूपमा आशयपत्र माग गर्ने (नियमावलीको नियम ७२ अनुसार)

(४) न (३) अनुसार पर्न आएका आशयपत्रको मूल्याङ्कन नियमावलीको नियम १४७ बमोजिमको मूल्याङ्कन समितिबाट स्वीकृत मूल्याङ्कनका आधार अनुसार गराउनु पर्छ ।- नियमावलीको नियम ७२(३) )

(५) मूल्याङ्कन समितीबाट मूल्याङ्कन गर्दा लागत र गुणस्तर बिधि अनुसार कानूनी, प्राबिधिक र आर्थिक पक्षको मूल्याङ्कन गर्नु पर्छ। यसरी मूल्याङ्कन गर्दा प्राबिधिक पक्षको मूल्याङ्कन गरे पछी मात्र आर्थिक प्रस्ताव खोल्नु पर्छ (नियमावलीको नियम ७६ र ७७ )

(८) मूल्याङ्कन समितिले प्राबिधिक मूल्याङ्कन सकिएपछि नियमावलीको नियम ८० बमोजिम आर्थिक प्रस्तावको मूल्याङ्कन गर्नुपर्छ।

**(१०) प्रस्तावको स्वीकृती**

मूल्याङ्कन समितिको सिफारिसको आधारमा देहायको रकमको प्रस्ताव देहायका अधिकारीबाट स्वीकृत गर्नु पर्छ :

- रु. १० लाखसम्म रा.प.तृतीय श्रेणीको कार्यालय प्रमुखले
- रु. ५० लाखसम्म रा.प.द्वितीय श्रेणीको कार्यालय प्रमुखले
- रु. ३ करोडसम्म रा.प प्रथम श्रेणीको कार्यालय प्रमुखले

***(३) २० लाख भन्दा माथिको परामर्श सेवा खरिद गर्दा निम्न प्रकृया अवलम्वन गर्ने :***

(१) (१) लागत अनुमान र कार्यक्षेत्रगत शर्त Terms of reference (TOR) र मूल्याङ्कनका आधार (Criteria) तयार गर्ने ( खरिद नियमावलीको नियम १२ )

(२) (१) अनुसार तयार भएको लागत अनुमान,TOR र मूल्याङ्कनका आधार स्वीकृतगर्ने (खरिद नियमावलीको नियम १४ )

(३) स्वीकृत ToR र लागत अनुमानको आधारमा नियमावलीको नियम ७० अनुसार सार्वजनिक निकायले परामर्श सेवा प्रदायकहरूको संक्षिप्त सूचि तयार गर्न ऐनको दफा ३० अनुसार १५ दिनको म्याद दिएर खुला रूपमा आशयपत्र माग गर्ने (नियमावलीको नियम ७० अनुसार)

(४) संक्षिप्त सूचि तयार गर्दा तीनवटा भन्दा कम प्रस्ताव पर्न आएमा पुर्न प्रस्ताव माग गर्नुपर्छ। कुनै ख्याति प्राप्त संस्था नआएमा सोझै बोलाएर पनि संक्षिप्त सूचिमा राख्न सकिन्छ। (नियमावलीको नियम ७०(८))

(५) लागत अनुमान,कार्यक्षेत्रगत शर्त (TOR) र प्रस्ताव सम्बन्धि कागजात पठाएर संक्षिप्त सूचिमा रहेकाकम्तिमा ३ र बढीमा ६ वटा परामर्शदाताहरुबाटप्रस्ताव माग गर्नुपर्छ र ( नियमावलीको नियम ७१ )

(४) न (५) अनुसार पर्न आएका आशयपत्रको मूल्याङ्कन नियमवालीको नियम १४७ बमोजिमको मूल्याङ्कन समितिबाट गराउनु पर्छ र यस्तो मूल्यांकनको आधार लागत र गुणस्तर बिधिलाई बनाउनु पर्छ ( नियमावलीको नियम ७२(३) )

(५) मूल्याङ्कन समितीबाट मूल्याङ्कन गर्दा लागत र गुणस्तर बिधि अनुसार कानूनी, प्राबिधिक र आर्थिक पक्षको मूल्याङ्कन गर्नु पर्छ। यसरी मूल्याङ्कन गर्दा प्राबिधिक पक्षको मूल्याङ्कन गरे पछी मात्र आर्थिक प्रस्ताव खोल्नु पर्छ (नियमावलीको नियम ७६ र ७७ )

(८) प्राविधिक पक्षको मूल्याङ्कन समितिले नियमावलीको नियम ८० बमोजिम आर्थिक प्रस्तावको मूल्याङ्कन गर्नु पर्छ

**(१०) प्रस्तावको स्वीकृति**

मूल्याङ्कन समितिको सिफारिसको आधारमा देहायको रकमको प्रस्ताव देहायका अधिकारीबाट स्वीकृत गर्नु पर्छ :

- रु. १० लाखसम्म रा.प.तृतीय श्रेणीको कार्यालय प्रमुखले
- रु. ५० लाखसम्म रा.प.द्वितीय श्रेणीको कार्यालय प्रमुखले
- रु. ३ करोडसम्म रा.प प्रथम श्रेणीको कार्यालय प्रमुखले

**(ग) निर्माण कार्यको खरिद**

***(१) ५ लाख सम्मको निर्माण कार्य तोकिएको प्रक्रिया पूरा गरेर सोझै खरिद गर्न सकिन्छ।***

१. निर्माण कार्यको लागत अनुमान,ड्रइङ (Drawing) तथा डिजाइन तयार गर्ने ( नियमावलीको नियम ११ बमोजिम )

२. तयार भएको लागत अनुमान,ड्रइङ तथा डिजाइन स्वीकृत गर्ने ( नियमावलीको नियन १४ बमोजिम )

३. योग्य, सक्षम र अनुभवी निर्माण व्यावसायीसंग निर्माण सम्बन्धी काम गराउन तोकिए बमोजिमको सम्झौता गर्ने

४. एक आर्थिक वर्षमा एउटा निर्माण व्यावसायीसंग एक पटक मात्र सोझै खरिद गर्न सकिन्छ। (नियमावलीको नियम....)

५. सोझै खरिद गर्दा निर्माण व्यावसायीले कानूनी ग्राहियता भने अनिवार्य पूरागरेको हुनुपर्छ।

**जस्तो :**

- दर्ता/नविकरण
- काम गर्ने इजाज़त
- स्वघोषणा
- कालोसूचिमा नपरेको
- कर,शुल्क,दस्तुर,जरिवाना तिरेको,चुक्ता गरेको (१)

***(२) रू.२० लाख रूपैया सम्मको निर्माण कार्यदरभाउपत्रबाट खरिद गर्न सकिन्छ***

१) निर्माण कार्यको लागत अनुमान, ड्रइङ तथा डिजाइन तयार गर्ने ( नियमावलीको नियम ११ बमोजिम)

१) तयार भएको लागत अनुमान, ड्रइङ तथा डिजाइन स्वीकृत गर्ने ( नियमावलीको नियन १४ बमोजिम)

२) स्वीकृत लागत अनुमान, ड्रइङ डिज़ाइनको आधारमा कम्तिमा १५ दिनको म्याद दिएर राष्ट्रियस्तरको पत्रपत्रिकामा सूचना मार्फत दरभाउपत्र माग गर्ने (नियमावलीको नियम ...)

३) पेश हुन आएका दरभाउपत्र प्रतिनिधिहरूको रोहवरमा खोल्ने र खोलिएका दरभाउपत्र १५ दिन भित्र मूल्याङ्कन गरी सिफारिस सहित पेश गर्ने

नियमावलीको नियम १४७ बमोजिम गठित मूल्याङ्कन समितिमा पठाउने ( नियमावलीको नियम ...)

४) मूल्याङ्कन समितिले दरभाउपत्रको कानूनी,प्राविधिक र आर्थिक पक्ष समेत समग्र कुराको मूल्याङ्कन गरी आफ्नो राय सहितको प्रतिवेदन निकाय प्रमुख समक्ष पेश गर्ने ( नियमावलीको नियम १४७)

५) प्रतिवेदन पेश भए पछि निकाय प्रमुखले स्वीकृत गर्ने आषयको७ दिने सूचना प्रकाशन गर्ने

६) दरभाउपत्र स्वीकृत गरी खरिदको लागि कार्यादेश दिने

***(३) २० लाख रूपैया भन्दा बढीकोनिर्माण कार्यबोलपत्रको माध्यमबाटखरिद गर्न सकिन्छ***

(१)निर्माण कार्यको लागत अनुमान, ड्रइंग तथा डिजाइन तयार गर्ने ( नियमावलीको नियम ११ बमोजिम )

(२)तयार भएको लागत अनुमान, ड्रइङ तथा डिजाइन स्वीकृत गर्ने ( नियमावलीको नियन १४ बमोजिम )

(३)स्वीकृत लागत अनुमान,ड्रइङ डिज़ाइनको आधारमा कम्तिमा १५ दिनको म्याद दिएर राष्ट्रियस्तरको पत्रपत्रिकामा सूचना मार्फत बोलपत्र माग गर्ने (नियमावलीको नियम ...)

(४) पेश हुन आएका बोलपत्र प्रतिनिधिहरूको रोहवरमा खोल्ने र खोलिएका दरभाउपत्र १५ दिन भित्र मूल्याङ्कन गरी सिफारिस सहित पेश गर्न नियमावलीको नियम १४७ बमोजिम गठित मूल्याङ्कन समितिमा पठाउने ( नियमावलीको नियम ...)

(५)मूल्याङ्कन समितिले बोलपत्रको कानूनी,प्राविधिक र आर्थिक पक्ष समेत समग्र कुराको मूल्याङ्कन गरी आफ्नो राय सहितको प्रतिवेदन निकाय प्रमुख समक्ष पेश गर्ने ( नियमावलीको नियम १४७)

(६)प्रतिवेदन पेश भए पछि निकाय प्रमुखले स्वीकृत गर्ने आसयको ७ दिने सूचना प्रकाशन गर्ने ।

(७)बोलपत्र स्वीकृत गरी खरिदको लागि कार्यादेश दिने ।

## २. खरिद इकाइको गठन

सार्वजनिक निकायले ऐनको दफा ७ बमोजिम खरिद शाखा, महाशाखा वा इकाइ गठन गर्नुपर्ने छ र त्यसले ऐनको दफा ७(३) बमोजिमका काम गर्नुपर्ने छ :

## ३. मूल्याङ्कन समितिको गठन

सार्वजनिक निकायले नियमावलीको नियम १४७ बमोजिम देहायका सदस्य रहेको मूल्याङ्कन समिती गठन गर्नुपर्ने छ :

- सार्वजिनक निकायको प्रमुख वा निजले तोक्ने वरिष्ठ अधिकृत - सदस्य
- सम्बन्धित सार्वजनिक निकायको आर्थिक प्रशासन प्रमुख - सदस्य
- निकायसँग सम्बन्धित प्राविधिक विशेषज्ञ - सदस्य
- सार्वजनिक निकायमा कानून अधिकृत भए सो निकायको कानून अधिकृत - सदस्य
- ऐनको दफा (७) बमोजिम गठन हुने खरिद इकाइको प्रमुख - सदस्य सचिव

आज्ञाले :
सुवर्ण घिमिरे
प्रमुख प्रशासकीय अधिकृत